मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ | अंक ७४ | २०८२ साल माघ १४ गते बुधबार | Wednesday 28, January 2026 | सूर्योदयः बिहान ०६:५३ बजे | सूर्यास्तः साँझ ५:४४ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## रवि लामिछाने अस्पताल भर्ना

**मधेशदृष्टि**
**काठमाडौँ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछाने अस्पताल भर्ना भएका छन् । माघ ५ गते मधेश प्रदेशको राजधानी जनकपुरमा भएको सभाका क्रममा गोडामा लागेको चोटले दुःख दिएपछि उनी शिक्षण अस्पतालमा भर्ना भएका हुन्।

लामिछानेको सचिवालयका अनुसार सुरुमा सामान्य देखिएको चोट बढ्दै गएर हाल छालाको भित्री तहमा सङ्क्रमण भएको छ।

केही दिन अस्पतालमै चिकित्सकको निगरानीमा राखेर उपचार गराउनुपर्ने सचिवालयले जारी गरेको सूचनामा उल्लेख छ।

अन्य बिरामीको उपचारमा असर नपरेर र अस्पताल प्रशासनलाई असहज नहोस् भनेर भेटघाटका लागि अस्पताल नआइदिन रविका स्वकीय सचिव अविनाश आचार्यले अनुरोध गरेका छन्।

## पर्सामा चुनावी माहोलः
# मतदाता फकाउन उम्मेदवारहरु घरदैलोमा








**हरिशंकर शर्मा**
**वीरगंज ।**
फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा पर्सामा चुनावी माहोल तातेको छ । जिल्लाका चारवटै प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा १ सय ९ उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन् । जिल्लामा रहेका चारवटै प्रतिनिधिसभा निर्वाचन क्षेत्रका चार सिटका लागि दलगत र स्वतन्त्र गरी १ सय ९ उम्मेदवार चुनावी दौडधुपमा व्यस्त छन् । उम्मेदवारहरु जनताको घरदैलोमा पुगेर मतदाताको समस्या सुन्नेदेखि विकासका ठूलठूला आश्वासन बाँड्न थालेका छन् ।

निर्वाचन क्षेत्र नम्बर १ मा ३० उम्मेदवार चुनावी मैदानमा छन् । उनीहरुले अहिले आफ्नो क्षेत्रको मतदाताहरुसँग भेटघाट, छलफलमा व्यस्त छन् । यस क्षेत्रमा प्रमुख दलबीच कडा प्रतिस्पर्धा देखिएको छ । नेकपा एमालेबाट पूर्वमन्त्री तथा निवर्तमान सांसद प्रदीप यादव, नेपाली कांग्रेसबाट पूर्वसांसद तथा केन्द्रीय सदस्य अनिल रुङ्टा, जनता समाजवादी पार्टीबाट रामनरेश प्रसाद यादव, नेपाली कम्युनिष्ट पार्टीबाट अजयकुमार चौरसिया, राष्ट्रिय स्वतन्त्र पार्टीबाट हरि पन्त, उज्यालो नेपाल पार्टीबाट रामकिशोर सिंह पराग, श्रम संस्कृति पार्टीबाट वासिम शेख, जनमत पार्टीबाट ओमप्रकाश सर्राफलगायतका उम्मेदवार चुनावमा उत्रिएका कारण यस क्षेत्रमा कडा भीडन्त हुने देखिन्छ । अहिले सबै उम्मेदवार मतदाताको घरदैलोमा पुगेर आफ्नो पक्षमा मत हाल्न आग्रह गरिरहेका छन् ।

यसैगरी क्षेत्र नम्बर २ बाट चुनावी मैदानमा उत्रिएका सबैभन्दा बढी ३२ उम्मेदवारले चुनावी प्रचार प्रसार अभियान तीव्र पारेका छन् । यस क्षेत्रलाई पर्साकै सबैभन्दा चासोपूर्ण क्षेत्रका रूपमा हेरिएको छ । नेपाली कांग्रेसबाट पूर्वमन्त्री तथा निवर्तमान सांसद अजयकुमार चौरसिया, राष्ट्रिय स्वतन्त्र पार्टीबाट वीरगंज महानगरपालिका वडा नं. १० का निवर्तमान वडाध्यक्ष सुशील साह कानु चुनावी मैदानमा उत्रिएका कारण कडा भीडन्त हुने संकेत देखिन्छ । चौरसिया ३ पटक सांसद निर्वाचित भइसकेका छन् भने कानु स्थानीय निकायको निर्वाचनमा वडाध्यक्षमा निर्वाचित व्यक्ति हुन् । उनी २०७९ मा जनता समाजवादी पार्टीबाट वीरगंज महानगरपालिका वडा नम्बर १० का वडाध्यक्षमा निर्वाचित जनप्रतिनिधि थिए ।

निर्वाचित सांसददेखि जनप्रतिनिधि चुनावी भीडन्तमा उत्रिएका कारण यस क्षेत्रको निर्वाचन रोचक बनेको छ । उनीलगायत जनता समाजवादी पार्टी नेपालबाट उद्योगपति अशोक टेमानी, नेकपा एमालेबाट रिमा यादव, नेकपाबाट मनोज चौधरी र राप्रपाबाट पूर्वसांसद विना कुमारी जैसवाल पनि चुनावी मैदानमा उत्रिएका छन् । यस क्षेत्रमा उम्मेदवारबीच कडा भीडन्त हुने संकेत देखिएको कारण उम्मेदवार अहिले चुनावी प्रचारप्रसार अभियानमा व्यस्त छन् । मतदाताको घरदैलोमा पुगेर भेटघाट, छलफल तथा सभा जस्ता कार्यक्रमलाई व्यापकता दिएका छन् ।

यसरी नै क्षेत्र नम्बर ३ मा चुनावी प्रतिस्पर्धामा उत्रिएका २३ उम्मेदवार चुनावी प्रचारप्रसार अभियानमा व्यस्त छन् । नेपाली कांग्रेसबाट पूर्वमन्त्री सुरेन्द्रप्रसाद चौधरी, नेकपा एमालेबाट व्यवसायिक पृष्ठभूमिका रुपेश पाण्डे, राष्ट्रिय स्वतन्त्र पार्टीबाट निर्माण व्यवसायी पृष्ठभूमिका रमाकान्त चौरसिया र नेपाली कम्युनिष्ट पार्टीबाट छोटेलाल यादवलगायतका उम्मेदवार आफ्नो क्षेत्रको मतदाता रिझाउनमा व्यस्त छन् ।

त्यसैगरी क्षेत्र नम्बर ४ बाट चुनावी मैदानमा उत्रिएका २४ उम्मेदवार पनि घरदैलो कार्यक्रममा व्यस्त छन् । नेपाली कांग्रेसबाट पूर्वमन्त्री तथा निवर्तमान सांसद रमेश रिजाल, नेकपा एमालेबाट जालिम मियाँ अन्सारी, राष्ट्रिय स्वतन्त्र पार्टीबाट टेकबहादुर शाक्य र नेपाली कम्युनिष्ट पार्टीबाट जयप्रकाश थारुलगायतका उम्मेदवार चुनावी प्रचारप्रसार अभियानमा अहोरात्र खटिएका छन् ।

यस पटकको निर्वाचनमा पर्सामा चार पूर्वमन्त्री, निवर्तमान सांसद, पूर्वसांसद, नयाँ राजनीतिक दल र ठूलो संख्यामा स्वतन्त्र उम्मेदवारको सहभागिताले निर्वाचनलाई अत्यन्त रोचक, बहुपक्षीय र अनिश्चित बनाएको छ । राजनीतिक विश्लेषकहरूका अनुसार परम्परागत दलहरूलाई रास्वपा जस्ता नयाँ दल र स्वतन्त्र उम्मेदवारले कडा चुनौती दिइरहेका छन् । यसले मत विभाजन बढ्ने र अन्तिम परिणामसम्म कडा प्रतिस्पर्धा हुने संकेत गरेको छ । उम्मेदवारहरु चुनावी प्रचार–प्रसारलाई तिब्रता दिन घरदैलो, सभा, कोणसभा र सामाजिक सञ्जालमार्फत मतदातालाई आफ्नो पक्षमा पार्न सक्रिय छन् ।

चारवटै क्षेत्रमा उम्मेदवारको उल्लेखनीय भीड देखिँदा यसपटकको निर्वाचनलाई पर्सामा अहिलेसम्मकै सबैभन्दा प्रतिस्पर्धात्मक मानिएको छ । चार पूर्वमन्त्री, निवर्तमान सांसद, पूर्वसांसद, ठूला दलका प्रभावशाली नेता, नयाँ राजनीतिक दलका उम्मेदवार तथा स्वतन्त्र उम्मेदवारको उपस्थितिले पर्साको चुनावलाई विशेष अर्थमा हेरिएको छ ।

## धनुषा–४: महासेठ र यादव आमनेसामने
## पुरानामा मतदाताको अरुचि




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको निर्वाचन क्षेत्र नम्बर ४ नेपाली कांग्रेस र नेकपा एमालेका हेभिवेट नेताहरूको प्रतिस्पर्धात्मक निर्वाचन हुने क्षेत्रका रूपमा परिचित छ । यहाँ नेपाली कांग्रेसका पूर्वसहमहामन्त्री महेन्द्र यादव र नेकपा एमालेका उपमहासचिव रघुवीर महासेठबीच लामो समयदेखि प्रतिस्पर्धा हुँदै आएको छ । फेरि यसपटक उनीहरू नै मुख्य प्रतिस्पर्धीका रूपमा देखिएका छन् ।

महासेठ एमालेभित्र आफ्ना नेता–कार्यकर्तालाई एकीकृत गर्न सक्ने र सर्वस्वीकार्य नेताका रूपमा परिचित छन् । त्यसैले नियमित मतदाता र पार्टी कार्यकर्ताको मत सुरक्षित गर्न उनलाई खासै कठिनाइ हुने देखिँदैन । उता यादवका लागि पनि कांग्रेसको परम्परागत मत आधार मुख्य सहारा रहनेछ ।

तर आम मतदाताको मनस्थिति भने फरक देखिन्छ । पुराना नेताहरूले पटकपटक जिते पनि अपेक्षित काम र व्यवहार नगरेको गुनासो व्यापक छ । २०७४ र २०७९ को निर्वाचनमा महासेठ विजयी भएका थिए । दुई पटक लगातार जितेपछि क्षेत्रका अधिकांश स्थानमा पक्की सडक विस्तार भए पनि त्यसबाहेक जनताका सुख–दुःखमा साथ नदिएको गुनासो एमालेकै कार्यकर्ताबाट सुनिन्छ । धेरै मतदाताको आकर्षण वैकल्पिक राजनीतिक शक्तितर्फ देखिन्छ । ग्रामीण क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टीलाई 'बालेन शाहको पार्टी' भनेर चिन्नेहरूको संख्या उल्लेखनीय छ ।

अघिल्ला दुई निर्वाचनमा कांग्रेसका उम्मेदवार बने पनि यादवले जित निकाल्न सकेका छैनन् । २०७९ मा पाँचदलीय गठबन्धनबाट उम्मेदवार बनेका यादव महासेठसँग १ सय २४ मतको झिनो अन्तरले पराजित भएका थिए । महासेठले ३२ हजार २३६ मत ल्याउँदा यादवले ३२ हजार ११२ मत पाएका थिए । यसअघि २०७४ मा पनि महासेठले यादवलाई २ हजार ५४१ मतले पराजित गरेका थिए ।

यसपटक भने महासेठ र यादवको प्रतिस्पर्धामा नयाँ उम्मेदवारहरूले पनि चुनौती दिने देखिन्छ । नेपाली कम्युनिस्ट पार्टीबाट सञ्जयकुमार महतो, राष्ट्रिय स्वतन्त्र पार्टीबाट राजकिशोर महतो, जसपा नेपालबाट कृष्णचन्द्रप्रसाद साह र जनमत पार्टीबाट इन्द्रजीतकुमार यादव चुनावी मैदानमा छन् ।

धनुषा–४ मा बटेश्वर र लक्ष्मीनिया गाउँपालिका, मिथिला नगरपालिकाका अधिकांश वडा, क्षिरेश्वरनाथ नगरपालिकाका अधिकांश वडा, मिथिला विहारी नगरपालिकाका केही वडा तथा जनकपुरधाम उपमहानगरपालिकाका ९, १३, १४, १९, २१ र २२ वडा पर्दछन् । पुराना र नयाँ शक्तिबीचको यो प्रतिस्पर्धाले धनुषा–४ को चुनावी नतिजा कता मोडिन्छ भन्ने चासो बढाएको छ ।

# मधेशमा ५८ जेन्जी उम्मेदवार

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जेन्जी आन्दोलनपछि हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचन–२०८२ मा मधेश प्रदेशबाट जेन्जी पुस्ताका ५८ युवा उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन् । निर्वाचन आयोगको तथ्यांकअनुसार उम्मेदवारमध्ये २ जना महिला र ५६ पुरुष छन् ।

आयोगका अनुसार जेन्जी पुस्ताका उम्मेदवारमध्ये ४१ जना स्वतन्त्रतर्फबाट र १२ वटा राजनीतिक दलबाट १७ जना उम्मेदवार बनेका हुन् । यसले मधेश प्रदेशको चुनावी राजनीतिमा युवा पुस्ताको बढ्दो सक्रियता र वैकल्पिक राजनीतिप्रतिको आकर्षणलाई देखाएको छ ।

दलगत रूपमा हेर्दा उज्यालो नेपाल पार्टी र जनमत पार्टीले समान ३–३ जना जेन्जी पुस्ताका युवालाई उम्मेदवार बनाएका छन् भने श्रम संस्कृति पार्टीले २ जना युवालाई उम्मेदवार बनाएको छ ।

यस्तै, नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), आम जनता पार्टी (एकल चुनाव चिन्ह), जन अधिकार पार्टी, जनता लोकतान्त्रिक पार्टी नेपाल, नेपाल मजदुर किसान पार्टी र नेपालका लागि नेपाली पार्टीले १–१ जेन्जी पुस्ताका युवालाई उम्मेदवार बनाएका छन् ।

उज्यालो नेपाल पार्टीबाट सिरहा निर्वाचन क्षेत्र नम्बर–३ मा २६ वर्षीय श्रवण पासवान, महोत्तरी क्षेत्र नम्बर–१ मा २८ वर्षीय मनोजकुमार गुप्ता र रौतहट क्षेत्र नम्बर–२ मा २५ वर्षीय रामाकान्त प्रसाद पटेल उम्मेदवार बनेका छन् ।

जनमत पार्टीले महोत्तरी–१ बाट २७ वर्षीय विरेन्द्र महतो, रौतहट–२ बाट २८ वर्षीय सोनु कुशवाहा र रौतहट–४ बाट २८ वर्षीय रामकल्याण राउतलाई उम्मेदवार बनाएको छ ।

श्रम संस्कृति पार्टीले सिरहा निर्वाचन क्षेत्र नम्बर–४ बाट २६ वर्षीय पंकजकुमार ठाकुर र पर्सा क्षेत्र नम्बर–१ बाट २८ वर्षीय वसिम शेषलाई

बाँकी पृष्ठ २ मा

## गुजरा नगरपालिकाकी उपप्रमुखमाथि हातपात




**मधेशदृष्टि**
**रौतहट ।**
गुजरा नगरपालिकाकी उपमेयर रत्ना लामामाथि हातपात भएको छ भने उनी सवार सवारी साधनमा तोडफोड गरिएको छ । नगरपालिका कार्यालय परिसरमै आफूमाथि कुटपिट तथा दुर्व्यवहार भएको उपप्रमुख लामाले बताएकी छन् ।

उनका अनुसार नगर प्रमुख सन्तलाल चौधरीको इशारामा वडा नम्बर १ का स्थानीय महिलाको समूह कार्यालय परिसरमै आएर आफूमाथि आक्रमणमा उत्रिएको थियो । त्यसअघि नगरप्रमुखका भाइ–भतिजाले आफू सवार प्रदेश २–०३–००१ झ ००२१

बाँकी पृष्ठ २ मा

## देश सम्हाल्ने–चलाउने तागत कांग्रेससँग मात्रै छः थापा



**मधेशदृष्टि**
**सर्लाही ।**
नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले वर्तमान अवस्थामा देशलाई सम्हाल्ने शक्ति आवश्यक रहेको बताएका छन् । मङ्गलबार बिहान सर्लाहीको बलरा नगरपालिका–९, छतौनामा नगरस्तरीय अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै थापाले देश चलाउने तागत कांग्रेससँग मात्र रहेको बताएका हुन् ।

अहिलेको अवस्थामा बदलिएर अघि बढिरहेको नेपाली कांग्रेस नै देशको नयाँ पार्टी रहेको सभापति थापाको दाबी छ । चुनावमा आमनागरिकमा भ्रम छर्न नयाँ नारा दिएर नयाँ पार्टी खोल्ने परिपाटी रहेको उनले आरोप लगाए । पछिल्लो समय टिकट लिनकै लागि रातारात पार्टी परित्याग गर्ने परिपाटी ठीक नभएको कांग्रेस सभापति थापाको भनाइ छ । भ्रष्टाचारको न्यूनीकरण र सुशासन कायम गर्ने कांग्रेसको मुख्य उद्देश्य रहेको कांग्रेसका नवनिर्वाचित सभापति थापाको भनाइ छ । तीनपटक लगातार जितेको काठमाडौँ–४ छाडेर सर्लाही–४ मा आएको विषयमा थापाले बागमतीको एउटा किनारबाट अर्को किनारमा आइपुगेको बताए । उनले फागुन २१ को निर्वाचनपछि कांग्रेसले सबैलाई समेटेर अघि बढ्ने बताए ।

# रास्वपाको अगुवा भेला, संगठन सुदृढीकरण र चुनावी रणनीतिमा जोड



**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा निर्वाचन क्षेत्र नम्बर–२ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को अगुवा नेता तथा कार्यकर्ताको भेला सम्पन्न भएको छ । भेलामा पार्टी संगठन मजबुत बनाउने, आगामी राजनीतिक तथा चुनावी रणनीति तय गर्ने र क्षेत्रका विविध जनसमस्याका विषयमा विस्तृत छलफल गरिएको पार्टी स्रोतले जनाएको छ । भेलामा सहभागी अगुवा नेता तथा कार्यकर्ताहरूले सुशासन, भ्रष्टाचार नियन्त्रण तथा पारदर्शी र उत्तरदायी राजनीतिक अभ्यासलाई पार्टीको मूल एजेण्डा बनाउँदै नागरिकको आवाज सशक्त रूपमा संसदसम्म पुऱ्याउने प्रतिबद्धता व्यक्त गरे । वक्ताहरूले परम्परागत राजनीति नागरिकमैत्री हुन नसकेको टिप्पणी गर्दै अब नयाँ सोच र कार्यशैली अपरिहार्य भएको धारणा राखे । कार्यक्रममा स्थानीय तहमा पार्टी संगठनलाई अझ प्रभावकारी बनाउने, जनसम्पर्क विस्तार गर्ने, नयाँ कार्यकर्तालाई सक्रिय रूपमा समेट्ने तथा पुराना कार्यकर्तासँग समन्वय बलियो बनाउने विषयलाई विशेष प्राथमिकता दिइएको थियो । साथै पार्टीको नीति, सिद्धान्त र कार्यदिशाबारे स्पष्टता ल्याउँदै आगामी दिनमा जनतामाझ पुग्ने रणनीतिबारे समेत छलफल गरिएको थियो । भेलामा पर्सा–२ क्षेत्रका विभिन्न स्थानबाट आएका कार्यकर्ताहरूको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रममा बोल्ने वक्ताहरूले नीतिगत, जवाफदेही र परिणाममुखी राजनीति आजको आवश्यकता भएको उल्लेख गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी सोही दिशामा अघि बढिरहेको बताए ।
आगामी फागुन २१ गते हुने निर्वाचनलाई लक्षित गर्दै पार्टीका उम्मेदवार सुशिल साह कानुलाई विजयी गराउने रणनीतिमाथि पनि गम्भीर छलफल भएको जनाइएको छ । निर्वाचनमा पार्टीको पकड मजबुत बनाउने, घरदैलो अभियान प्रभावकारी बनाउने तथा मतदातासँग प्रत्यक्ष संवाद बढाउने विषयमा कार्ययोजना तयार गरिएको बताइएको छ । भेलाका अवसरमा नयाँ र पुराना कार्यकर्ताबीच आपसी परिचय र सहकार्य विस्तार हुनुका साथै संगठनात्मक एकता थप बलियो बनेको सहभागीहरूले बताएका छन् । पार्टीले यस्ता भेलालाई आगामी दिनमा पनि निरन्तरता दिँदै स्थानीय स्तरमै नागरिकसँग प्रत्यक्ष संवादमार्फत जनआधारित राजनीति अघि बढाउने जनाएको छ ।

# पेट्रोलियम पदार्थ आयात निरन्तर उकालो



**वीरगंज।**
वीरगंज हुँदै चालु आर्थिक वर्षको छ महिनामा रु ९० अर्ब छ करोड मूल्यबराबरको पेट्रोलियम पदार्थ आयात भएको छ । वीरगंज नाका हँुदै गत आवको छ महिनाको तुलनामा चालु आवमा सोही अवधिमा रु दुई अर्ब ७५ करोड बढी मूल्यको पेट्रोलियम पदार्थ आयात भएको हो । चालु आवको छ महिनामा पेट्रोलियम पदार्थको आयातबाट भने रु ३७ अर्ब ८५ करोड राजस्व सङ्कलन भएको छ।
वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार गत आवको छ महिनाको तुलनामा चालु आवको सोही अवधिमा पेट्रोलिम पदार्थको आयात र सोबाट प्राप्त हुने राजस्वमा पनि उल्लेखनीय वृद्धि भएको छ । जबकि गत आवको छ महिनामा भने रु ८७ अर्ब ३१ करोड मूल्यको पेट्रोलियम पदार्थ आयात हुँदा ३६ अर्ब १४ करोड राजस्व सङ्कलन भएको थियो।
भन्सार कार्यालयका अनुसार चालु आवको छ महिनामा रु ४५ अर्ब ३८ करोड मूल्य पर्ने डिजेल आयात हुँदा रु १९ अर्ब ८५ करोड राजस्व सङ्कलन भएको छ । त्यसैगरी सोही अवधिमा रु २० अर्ब ९८ करोड मूल्यको पेट्रोल आयात हुँदा रु १३ अर्ब ८२ करोड राजस्व सङ्कलन भएको छ। त्यस्तै रु १४ अर्ब ७९ करोडको एलपीजी ग्यास आयात हुँदा रु दुई अर्ब ७७ करोड राजस्व सङ्कलन भएको छ । रासस

# निर्वाचन आचारसंहिता कार्यान्वयनमा जोड

**महोत्तरी।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा आचारसंहिता प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका छन् । महोत्तरी जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयले आयोजना गरेको निर्वाचन आचारसंहिताको पूर्ण परिपालनासम्बन्धी सर्वपक्षीय छलफलमा सहभागीहरूले आचारसंहिता प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका हुन्।
दुवै निर्वाचन क्षेत्रका निर्वाचन अधिकृतको कार्यालयमा सम्पन्न कार्यक्रममा उम्मेदवार, राजनीतिक दलका प्रतिनिधि, सञ्चारकर्मी र सामाजिक सङ्घसंस्थाका अगुवाहरूले निर्वाचन आचारसंहिताको उल्लङ्घन भएमा सम्बद्ध पक्षले तत्काल कारबाही गर्नुपर्ने माग गरेका छन्।
'निर्वाचन आयोग, मुख्य निर्वाचन अधिकृतको कार्यालय र स्थानीय प्रशासनले निर्वाचन आचारसंहिता परिपालनाबारे निरन्तर अनुगमन गर्नुपर्दछ',, बर्दिवास उद्योग वाणिज्य सङ्घका अध्यक्ष विष्णुबहादुर खड्काले भने, 'कहीँकतै कसैले एक–दुई पटक आचारसंहिता उल्लङ्घन गरेमा पछि समस्या बढ्दै जान्छ, तसर्थ तत्काल कारबाही गर्नुपर्दछ।'
कार्यक्रममा जिल्लाका मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारी, प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, जिल्ला निर्वाचन अधिकारी रञ्जिता झासहित नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र अनुसन्धान कार्यालयका जिल्लास्थित प्रमुखको सहभागिता थियो।
दुवै निर्वाचन क्षेत्रका छलफलमा मुख्य निर्वाचन अधिकृतले निर्वाचन अभियानभरि पालना गर्नुपर्ने आचारसंहिताबारे कानुनी व्यवस्थाका सम्बन्धमा जानकारी गराए । कार्यक्रमले उम्मेदवार, राजनीतिक दल र समर्थकले गर्नहुने र नहुने कामबारे विस्तारमा जानकारी पाइएको सहभागीले बताएका छन्।
कार्यक्रममा सहभागी उम्मेदवार र राजनीतिक दलका प्रतिनिधिले आचारसंहिता पूर्ण रूपमा परिपालना गर्ने प्रतिबद्धता जनाउनु कार्याक्रम सकारात्मक र उपलब्धिमूलक रहेको प्रतिक्रिया दिएका प्रमुख जिल्ला अधिकारी यादवले जानकारी दिए।
'सबैले आचारसंहिता परिपालनाको प्रतिबद्धता जनाउनुभएको छ, यो सकारात्मक पक्ष हो', उनले भने, 'हामी (स्थानीय प्रशासन र मुख्य निर्वाचन अधिकृतको कार्यालय) निरन्तर अनुगमनमा रहने छौँ, उल्लङ्घनका प्रत्येक घटना कारबाहीका विषय बनाइने छन्।'
मुख्य निर्वाचन अधिकृतको कार्यालयले जिल्लाका चारवटै निर्वाचन क्षेत्रमा यस्ता कार्यक्रम सम्पन्न गरिने जनाएको छ। 'क्षेत्र नं १ र ४ मा सोमबार अन्तक्रिया सम्पन्न गरियो। क्षेत्र नं २ र ३ मा मंगलबार नै छलफल गर्नेछौँ', मुख्य निर्वाचन अधिकृत अधिकारीले भने, 'छलफलका निष्कर्ष सबै पक्षबाट परिपालना हुनुपर्छ।'
आचारसंहिता उल्लङ्घनबारे कडाइका साथ अनुगमन र कारबाहीको विषय बन्ने स्पष्ट पार्दै यो अवस्था आउन नदिन सबै पक्षको सकारात्मक पहलकदमीका लागि उनले आह्वान गरे। रासस

# रौतहटमा कुष्ठरोगका बिरामी बढ्दो क्रममा

**रौतहट।**
पछिल्लो समय रौतहटमा कुष्ठरोगी बढेका छन् । त्रिहत्तरौँ विश्व कुष्ठरोग दिवसका अवसरमा जिल्लस्थित स्वास्थ्य कार्यालयको समन्वयमा 'द लेप्रोसी मिसन नेपाल' द्वारा आयोजित अभिमुखीकरण कार्यक्रममा जिल्लामा पछिल्ला समय कुष्ठरोगी बढेका जानकारी दिइएको हो।



'कुष्ठरोग छ ओखती, सामाजिक लाञ्छना र विभेद् मुख्य चुनौती' भन्ने मूल नाराका साथ आयोजित अभिमुखीकरण कार्यक्रममा द लेप्रोसी मिसन नेपालका स्रोतव्यक्ति राजकुमार साहले विगतको तुलनामा पछिल्लो समय यहाँ कुष्ठरोगका बिरामी बढेको बताए । उनका अनुसार आव २०८१÷८२ र चालु आवको साउनदेखियता रौतहटमा १६७ जना कुष्ठरोगी भेटिएका हुन् । साउनदेखियता मात्रै ३२ जना नयाँ बिरामी फेला परेका उनले जानकारी दिए।
सबैभन्दा बढी यमुनामाई गाउँपालिका, कटहरिया र माधवनारायण नगरपालिकामा कुष्ठरोगी देखापरेका स्रोतव्यक्ति साहले जानकारी दिए ।
'कुष्ठरोगका बिरामी दुई किसिमका हुन्छ । एक किसिमका बिरामीले छ महिना औषधि सेवन गर्नुपर्छ भने अर्को किसिमका बिरामीले एक वर्ष औषधि सेवन गर्नुपर्ने हुन्छ।'
कुष्ठरोगीको उपचार पालिकास्तरीय स्वास्थ्य संस्थामा उपलब्ध हुने जनाउँदै स्रोतव्यक्ति साहले औषधि उपचारका लागि समस्या नभएका सङ्का लागेका व्यक्तिलाई नजिकको स्वास्थ्य संस्थामा गई उपचार गर्न आग्रह गरे।
समयमै पहिचान र नियमित औषधि सेवनले कुष्ठरोग पूर्ण रूपमा निको हुने स्वास्थ्य कार्यालय प्रमुख राजेश सिंहले बताए।
उनले कुष्ठरोगबारे अझै समाजमा गलत धारणा र डरत्रास कायम रहेकामा जनचेतनाका माध्यमबाट सचेतना अभिवृद्धि गर्नुपर्ने आवश्यकता औँल्याए । रासस

# रास्वपाको घरदैलो कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज।**
प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिएसँगै रास्वपाले चुनावी प्रचार प्रसार अभियानलाई तीब्र पारेको छ।
चुनावी प्रचारप्रसार अभियान अन्तर्गत पर्सा निर्वाचन क्षेत्र नम्बर–१ का राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार हरि पन्तले वीरगंज महानगरपालिका वडा नम्बर–४ मा घरदैलो कार्यक्रम सम्पन्न गरेका छन्।
कार्यक्रममा उनले स्थानीय मतदातासँग भेट गर्दै सुशासन, पारदर्शिता र परिवर्तनको एजेन्डा प्रस्तुत गरेका छन् । घरदैलो कार्यक्रममा सहभागी रास्वपा समर्थकहरूलाई स्थानीयवासीले टोल–टोलमा घण्टी बजाउँदै स्वागत गरेका थिए। 'अबकी बार, बालेन सरकार' भन्ने नारासहित कार्यक्रम उत्साहपूर्ण वातावरणमा सम्पन्न भएको थियो।
रास्वपाको प्रचार–प्रसार समितिका संयोजक गौतम श्रेष्ठका अनुसार स्थानीयवासीको सहभागिता र समर्थनले उम्मेदवार थप उत्साहित बनेका छन्।
उनका अनुसार घरदैलो कार्यक्रममार्फत जनतामा परिवर्तनप्रतिको अपेक्षा स्पष्ट रूपमा देखिएको छ। चुनावी मिति नजिकिँदै जाँदा पर्सा जिल्लामा राजनीतिक गतिविधि अझ तीव्र बन्दै गएको छ । उम्मेदवारहरू मतदाताको घर–घरमा पुगेर आफ्नो पक्षमा समर्थन जुटाउने प्रयासमा सक्रिय देखिएका छन्।

# मधेशमा ५८ जेन्जी ...

उम्मेदवार बनाएको छ । नेकपा एमालेले सर्लाही निर्वाचन क्षेत्र नम्बर–४ बाट २७ वर्षीय अमनिशकुमार यादवलाई उम्मेदवार बनाएको छ । उनी पूर्व सांसद शिवपुजन यादवका छोरा हुन् ।
सो क्षेत्रमा नेपाली कांग्रेसका सभापति गगन थापा, राष्ट्रिय स्वतन्त्र पार्टीका नेता तथा पूर्व प्रतिनिधिसभा सदस्य अमरेश सिंहलगायतका प्रभावशाली उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।
राष्ट्रिय स्वतन्त्र पार्टीले सिरहा निर्वाचन क्षेत्र नम्बर–१ बाट २८ वर्षीय बब्लु गुप्तालाई उम्मेदवार बनाएको छ । गुप्ता यसअघि अन्तरिम सरकारमा युवा तथा खेलकुद मन्त्रीसमेत भइसकेका थिए ।
यस्तै, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले बारा निर्वाचन क्षेत्र नम्बर–४ मा २७ वर्षीय अजय कुशवाहालाई उम्मेदवार बनाएको छ ।
राष्ट्रिय प्रजातन्त्र पार्टीले सप्तरी निर्वाचन क्षेत्र नम्बर–२ मा २७ वर्षीय अजयकुमार दासलाई र नेपाल मजदुर किसान पार्टीले सोही क्षेत्रबाट निलम कुमारी यादवलाई उम्मेदवार बनाएको छ ।
जेन्जी पुस्ताका यी उम्मेदवारहरूको सक्रिय उपस्थितिले मधेश प्रदेशको चुनावी राजनीतिमा नयाँ बहस, नयाँ एजेन्डा र वैकल्पिक नेतृत्वको सम्भावना बलियो बन्दै गएको संकेत गरेको छ ।

# गुजरा नगरपालिकाकी उपप्रमुखमाथि...

नम्बरको गाडी गुजरा–१ र ९ को सिमानामा पर्ने लमाहा खोलामा रोकेर तोडफोड गरेको उपप्रमुख लामाको दाबी छ ।
उपप्रमुख लामाले वडा नम्बर १ मा सहकारीमार्फत भइरहेको मलखाद वितरण प्रक्रियामा नयाँ डिलर दर्ता गराउन मेयर पक्षबाट दबाब आएको तर आफूले कानूनअनुसार मात्र काम गर्न निर्देशन दिएपछि विवाद चर्किएको बताइन् । यही विषयलाई लिएर गाडी तोडफोड र आफूमाथि आक्रमण भएको उनको आरोप छ ।
घटनाबारे छानबिन र दोषीमाथि कारबाहीको माग गर्दै उनले मंगलबार इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा लिखित उजुरी दिने जानकारी दिएकी छन् । गुजरा नगरपालिकाका कार्यपालिका सदस्य विजय साह बानियाँले पनि घटनामा मेयर पक्षका स्थानीय र आफन्तको संलग्नता रहेको आरोप लगाउँदै निष्पक्ष अनुसन्धान गरी कारबाही गर्न माग गरे ।
यता, प्रमुख सन्तलाल प्रसाद चौधरीले भने घटनामा आफ्नो कुनै संलग्नता नरहेको दाबी गरेका छन् । उनका अनुसार किसानले समयमा मल नपाउँदा आक्रोश व्यक्त गर्ने क्रममा अवस्था तनावग्रस्त बनेको हो । उपप्रमुखले संयमता नदेखाउँदा विवाद बढेको उनको भनाइ छ । इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरकी डीएसपी रुपा लाबुङले घटनाबारे मौखिक जानकारी प्राप्त भएको र घटनाको अनुसन्धान सुरु गरिएको बताइन् ।
२०७९ को स्थानीय तह निर्वाचनमा प्रमुख चौधरी जनता समाजवादी पार्टी (जसपा) बाट दोस्रो कार्यकालका लागि निर्वाचित भएका थिए भने उपप्रमुख लामा नेपाली कांग्रेसबाट निर्वाचित भएकी हुन् ।


## कर्जा चूक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको प्रमुख शाखा ,बिरगंज,पर्साबाट उपभोग गरेको विभिन्न कर्जाहरु लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार समय समयमा बुझाउनु पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋण लिंदा गरेको शर्त, कबुलियत उल्लंघन गरेको र बैंकले मौखिक एवं लिखित रुपमा पटक पटक तरतागेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नगरेको हुंदा यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नुहुन यो ३५ दिने सुचना प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनू पर्ने सम्पूर्ण कर्जा सांवा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३,नेपाल राष्ट्र बैङ्क तथा वित्तिय संस्थालाइ जारी गरीएको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनामा आउने निर्देशन,परिपत्रहरु, बैङ्कको कर्जा असुलि निति तथा अन्य सम्बद्ध ऐन कानूनले दिएको अधिकार प्रयोग गरी धित्तोमा रहेको चल अचल सम्पति जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि वा अन्य व्यवस्था गरि बैंकको सांवा, ब्याज, हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरी लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धन जमानी दिनेको घर घराना/चल अचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणीहरु तथा जमानीकर्तालाई कालो सूचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी, जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

### तपसिल

#### ऋणीको नाम र ठेगाना

१) उद्योग औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा ३ ग र सोही ऐनको दफा ५ अनूसार घरेलु/साना उद्योग अन्तर्गत सोहि ऐनका दफा १० बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, पर्सा,विरगंजमा दर्ता मिति २०७३/०२/०६ गते दर्ता भै घ. तथा सा.उ.का.८०६०/०७२/०७३, अन्तर्गत दर्ता कायम भई पचरुखी वडा नं. ०२, पर्सामा कार्यालय रहेको **भागमती माछापालन फर्म (प्रोप्राइटर- नन्दलाल साह कलवार)** ।

२) जादोलाल साह कलवारकी बुहारी, रामचन्द्र प्रसाद कलवारकी पत्नी जिल्ला पर्सा, बि.उ.प.म.न.पा. वडा नं. २८ बस्ने (ना.प्र.न. ८८७८१३०९,जारी मिति २०३४/१०/१२ जि.प्र.का. पर्सा) बर्ष ६६ की **भागमती कल्वारीन** ।

#### कर्जाको सुरक्षण विवरण

१) जादोलाल साह कलवारकी बुहारी, रामचन्द्र प्रसाद कलवारकी पत्नी जिल्ला पर्सा, बि.उ.प.म.न.पा. वडा नं. २८ बस्ने (ना.प्र.न. ८८७८१३०९,जारी मिति २०३४/१०/१२ जि.प्र.का. पर्सा) बर्ष ६६ की **भागमती कल्वारीन**को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा पचरुखी वडा नं २ स्थित किता नं **२२१** को जम्मा क्षेत्रफल १-१६-१४-० (**१२४२७.७३ वर्ग मिटर**) को जग्गा ।

२) राम बिलास साह कलवारको नाति, जादो लाल साह कलवारको छोरा जिल्ला पर्सा श्रीसिया ख.टो. वडा नं.९ बस्ने (ना.प.नं.८८७८१३०६ ,जारी मिति २०४८/०४/१४) बर्ष ६५ को रामचन्द्र प्रसाद कलवारको नाममा दर्ता रहेको जिल्ला पर्सा सिर्सिया ख.टो. वडा नं ९ स्थित किता नं **१६६** को जम्मा क्षेत्रफल **५७८.३४ वर्ग मिटर** को जग्गा ।

३) र ाम बिलास साह कलवारको नाति, जादो लाल साह कलवारको छोरा जिल्ला पर्सा श्रीसिया ख.टो. वडा नं.९ बस्ने (ना.प.नं.८८७८१३०६ ,जारी मिति २०४८/०४/१४) बर्ष ६५ को रामचन्द्र प्रसाद कलवारको नाममा दर्ता रहेको जिल्ला पर्सा पचरुखी वडा नं २ स्थित किता नं **१२ र १२३** को जम्मा क्षेत्रफल क्रमशः **१-१५-१२ र ०-७-१० वर्ग मिटर**को जग्गा ।

२) च्यासिस नं MAT466420G1R12246 र इन्जन नं 61E63516817 रहेको TATA MOTORS को मोडल LTP 3118 TC/56 (2016) को गाडि (ट्रक) नं NA 6 KHA 6286.

#### प्रोप्राइटर तथा व्यक्तिगत जमानीकर्ता :

१) जादोलाल साह कलवारकी बुहारी, रामचन्द्र प्रसाद कलवारकी पत्नी जिल्ला पर्सा, बि.उ.प.म.न.पा. वडा नं. २८ बस्ने (ना.प्र.न. ८८७८१३०९,जारी मिति २०३४/१०/१२ जि.प्र.का. पर्सा) बर्ष ६६ की **भागमती कल्वारीन** ।

२) जादो लाल साह कलवारको नाति, रामचन्द्र प्रसाद कलवारको छोरा, जिल्ला पर्सा श्रीसिया खल्वाटोला वडा नं. ०९ मा बस्ने ( ना.प्र.न.३४१०७५/२७९,जारी मिति २०६७/०७/१०, पर्सा) बर्ष ३२ को **नन्दलाल साह कलवार** ।

३) रामचन्द्र प्रसाद कलवारकी बुहारी, **नन्दलाल साह कलवार**की पत्नी जिल्ला पर्सा, बिरगंज वडा नं. २५ बस्ने (ना.प्र.न. ३४-०१-७०-१२५७०,जारी मिति २०७०/११/१४ जि.प्र.का. पर्सा) बर्ष ३० की **चाँदनी कुमारी** ।

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

**प्रधान कार्यालयः**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज ,बदननगर (बिरगंज), बरहथवा(सर्लाही) , बर्दिबास (महोतरी) ।

# मधेश साहित्य महोत्सवको तयारी अन्तिम चरणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश साहित्य महोत्सवको दोस्रो संस्करण यस वर्ष पनि वीरगंजमा आयोजना हुने भएको छ । यही माघ १५, १६ र १७ गते वीरगंजस्थित मधेश विश्वविद्यालय परिसरमा सञ्चालन हुने महोत्सवको तयारी अन्तिम चरणमा पुगेको आयोजक संस्था उत्कर्ष नेपालले जनाएको छ । मंगलबार आयोजित पत्रकार सम्मेलनमार्फत महोत्सवका कार्यक्रम, उद्देश्य र संरचनाबारे विस्तृत जानकारी सार्वजनिक गरिएको हो ।




पत्रकार सम्मेलनमा उत्कर्ष नेपालका अध्यक्ष रितु राज पटेलले मधेश साहित्य महोत्सव अब केवल कार्यक्रम नभई साझा सांस्कृतिक आन्दोलनका रूपमा विकसित हुँदै गएको बताए ।
पहिलो संस्करणले अभूतपूर्व सहभागिता, सकारात्मक ऊर्जा र सार्वजनिक अपनत्व पैदा गरेको उल्लेख गर्दै उनले मधेश र समग्र नेपालका विविध भाषा, पहिचान र संस्कृतिलाई जोड्ने मञ्चका रूपमा महोत्सव स्थापित हुँदै गएको धारणा राखे ।
'पहिलो संस्करणको सफलताले हामीलाई स्पष्ट सन्देश दिएको छ मधेश साहित्य महोत्सव एउटा कार्यक्रम मात्र होइन, यो आवश्यकता थियो,' उनले भने, 'त्यही विश्वासका साथ दोस्रो संस्करण (एमएलएफ २०२६) लाई अझ समावेशी, गहिरो र समुदाय–केन्द्रित बनाउँदै अघि बढाएका छौं ।'
मधेश विश्वविद्यालयका उपकुलपति डा. दिपक शाक्यले चुनौतीपूर्ण परिस्थितिका बाबजुद वीरगंज साहित्य र संस्कृतिको उत्सव मनाउन तयार रहेको बताए । वीरगंज बिस्तारै मधेश र समग्र नेपाललाई जोड्ने 'कनेक्टिङ पोइन्ट' बन्दै गएको उल्लेख गर्दै उनले देशभरिका स्रष्टा, कलाकार, चिन्तक र युवाहरूको साझा भेटघाटस्थलका रूपमा शहर विकसित हुँदै गएको बताए ।
आयोजक संस्थाका जय साहका अनुसार यस संस्करणमा विद्यालय तथा कलेजका विद्यार्थी, युवा, महिला, दलित तथा सीमान्तकृत समुदाय, नागरिक समाज र स्थानीय संस्थाहरूलाई विशेष केन्द्रमा राखिएको छ । महोत्सवअघि आयोजना हुने 'एमएलएफ ट्यालेन्ट हन्ट' कार्यक्रममार्फत नयाँ पुस्ताका सिर्जनशील आवाजलाई सार्वजनिक मञ्च प्रदान गरिने उनको भनाइ छ ।
महोत्सव सफल बनाउन वीरगंज महानगरपालिका, मधेश विश्वविद्यालय, मधेश प्रदेश सरकारसहित निजी तथा गैर–निजी संघसंस्था र नागरिक समाजको महत्वपूर्ण सहयोग रहने आयोजकले जनाएको छ ।
उत्कर्ष नेपालले सञ्चारमाध्यम, साहित्यप्रेमी, युवा, कलाकार तथा नागरिक समाजलाई महोत्सवमा सहभागी भई मधेशको कथा, स्वर र सपनालाई एउटै मञ्चमा जोड्न आग्रह गरेको छ ।
आयोजक संस्थाकी सलमा खातुनका अनुसार महोत्सवको उद्घाटन मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले गर्ने कार्यक्रम तय भएको छ । उद्घाटन सत्र महोत्सवका संरक्षक तथा वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहको अध्यक्षतामा सम्पन्न हुनेछ ।
महोत्सवका सल्लाहकार गणेश लाठले जानकारी दिएअनुसार कार्यक्रम 'बीज पत्र–गाउँः स्मृति, मिथक र यथार्थ' विषयक सत्रबाट डा. भास्कर गौतमद्वारा उद्घाटन गरिनेछ । तीन दिनसम्म सञ्चालन हुने महोत्सवमा १६ वटा सत्र रहनेछन्, जहाँ विशेष रूपमा गाउँघरका विषयवस्तु र स्थानीय कलाकारलाई प्राथमिकता दिइनेछ ।
यस वर्षको महोत्सवको मुख्य आकर्षणका रूपमा विशेष सांगीतिक साँझ आयोजना गरिनेछ, जसमा भारतकी चर्चित भोजपुरी गायिका कल्पना पटवारीसहित स्थानीय कलाकारहरूको प्रस्तुति रहनेछ ।
दर्शकको सम्भावित भीडलाई मध्यनजर गर्दै उक्त सांस्कृतिक कार्यक्रम वीरगंजको आदर्शनगरस्थित पुरानो बसपार्कमा आयोजना गरिने आयोजकले जनाएको छ ।
उत्कर्ष नेपालका अध्यक्ष रितु राज पटेलको अध्यक्षतामा मधेश विश्वविद्यालयको सभाहलमा सम्पन्न पत्रकार सम्मेलनमा नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष गणेश लाठ, भोजपुरी प्रतिष्ठानका श्याम सर्राफलगायत विभिन्न सञ्चारमाध्यममा आबद्ध पत्रकारहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# अनिल रुङ्गटालाई विजयी बनाउन मुस्लिम समुदाय एकजुट



**मधेशदृष्टि**
**वीरगंज ।**
प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि नेपाली काँग्रेसबाट पर्सा क्षेत्र नं. १ का उम्मेदवार अनिल रुङ्गटालाई विजयी गराउन मुस्लिम समुदायहरु एकजुट भएका छन् । नेपाल मुस्लिम संघ पर्साको आयोजनामा परवानीपुर स्थित सम्पन्न बैठकमा रुङ्गटालाई विजयी बनाउन मुस्लिम समुदायका अगुवाहरु एकजुट भएका हुन् । उनीहरुले बैठकमा रुङ्गटालाई विजयी बनाउन हरेक संघर्ष गर्ने प्रतिबद्धता जनाएका छन् ।
बैठकलाई सम्बोधन गर्दै नेपाली कांग्रेस पर्साका कार्यवाहक सभापति रामनारायण कुर्मीले नेपाली कांग्रेस सधैं समावेशी लोकतन्त्र, सामाजिक न्याय र अल्पसंख्यक समुदायको अधिकारको पक्षमा दृढतापूर्वक उभिँदै आएको बताएका थिए । उनले क्षेत्र नं. १ का उम्मेदवार अनिल रुङटा जनताको दुःख सुख बुझ्ने, इमानदार तथा विकासप्रति प्रतिबद्ध नेता भएको उल्लेख गर्दै सबै समुदायलाई एकताबद्ध भएर निर्वाचनमा कांग्रेसलाई बिजयी आग्रह गरे ।
नेपाली कांग्रेस पर्साका पूर्व सभापति अजय कुमार द्विवेदीले मधेश, मुस्लिम समुदाय तथा आम नागरिकको अधिकार सुनिश्चित गर्न नेपाली कांग्रेसले ऐतिहासिक भूमिका निर्वाह गर्दै आएको बताए । उनले अवसरवाद र व्यक्तिगत स्वार्थका कारण विचार परिवर्तन गर्ने प्रवृत्तिले जनताको विश्वास गुमाउने भन्दै स्थायित्व र लोकतान्त्रिक मूल्यका लागि कांग्रेसको विकल्प नरहेको धारणा व्यक्त गरे ।
नेपाल मुस्लिम संघ पर्साका अध्यक्ष हबिब मियाँले उम्मेदवार अनिल रुङटा मुस्लिम समुदायका भावना बुझ्ने र सधैं साथ दिने नेता भएको बताए । उनले भौतिक पूर्वाधार विकासदेखि शिक्षा, स्वास्थ्य तथा रोजगारीका सवालमा रुङटासँग स्पष्ट दृष्टिकोण रहेको उल्लेख गर्दै मुस्लिम समुदाय एकजुट भएर उनको समर्थनमा उभिएको बताए ।
बैठकमा उम्मेदवार अनिल रुङ्गटाले सबै समुदायलाई साथमा लिएर क्षेत्रको समग्र विकास गर्ने प्रतिबद्धता जनाएका छन् । उनले मुस्लिम समुदायसहित मधेशी, दलित, महिला र युवाको अधिकार सुनिश्चित गर्न नेपाली कांग्रेसको नीति तथा कार्यक्रमअनुसार इमानदार प्रयास गर्ने बताए ।
त्यसैगरि बैठकमा बोल्दै नेपाल मुस्लिम संघ पर्साका सचिव तबरेज मियाँले प्रदीप यादव मधेशी एजेण्डाबाट उदाएका नेता भएपनि मधेश आन्दोलनका बेला एमालेको विरोध गर्ने व्यक्ति आज व्यक्तिगत स्वार्थका लागि सहिदको इमान बेचेर एमाले प्रवेश गरेको आरोप लगाए ।
नेपाल मुस्लिम संघ पर्साका अध्यक्ष हबिब मियाँको अध्यक्षतामा आयोजित बैठकमा नेपाली कांग्रेस पर्साका कार्यवाहक सभापति रामनारायण कुर्मी, पूर्व सभापति अजय कुमार द्विवेदी, सचिव इम्तियाज आलम, क्षेत्र नं. १ का क्षेत्रीय सभापति अरबिन्द गुप्ता, क्षेत्र नं. २ का क्षेत्रीय सभापति तथा नेपाल मुस्लिम संघका केन्द्रीय उपाध्यक्ष मो. साहबुद्दिनलगायत पार्टीका कार्यकर्ता र मुस्लिम संघका जनप्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# पर्सा–४ मा कांग्रेस क्षेत्रीय समितिको बैठक



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेस पर्सा निर्वाचन क्षेत्र नम्बर–४ को क्षेत्रीय कार्य समितिको बैठक मंगलबार जगरनाथपुर गाउँपालिका वडा नम्बर–५ झखरा मसिहानीमा सम्पन्न भएको छ । बैठकलाई सम्बोधन गर्दै प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार रमेश रिजालले आगामी फागुन २१ गते हुने निर्वाचनमा नेपाली कांग्रेसको जित सुनिश्चित रहेको दाबी गरेका छन् ।
पूर्व मन्त्री तथा वर्तमान प्रतिनिधिसभा सदस्यसमेत रहेका रिजालले पार्टीका नेता–कार्यकर्तालाई उच्च मनोबलका साथ आ–आफ्नो टोल र बस्तीमा पुगेर निर्वाचन आचारसंहिता पालना गर्दै प्रचार–प्रसारमा सक्रिय हुन आग्रह गरे । कांग्रेसलाई कुनै शक्तिले पराजित गर्न नसक्ने बताउँदै उनले पार्टीले विगतमा गरेका काम र योगदानका विषयमा स्थानीय तहमा जनतालाई प्रष्ट रूपमा जानकारी गराउन आवश्यक रहेको उल्लेख गरे ।
उम्मेदवार रिजालले यसपटकको निर्वाचनलाई आफ्नो अन्तिम राजनीतिक लडाइँका रूपमा लिएको बताउँदै आगामी दिनमा युवा तथा नयाँ नेतृत्वलाई संसद् निर्वाचनका लागि तयार हुन समेत आह्वान गरे । क्षेत्रीय समितिका सभापति तथा जगरनाथपुर गाउँपालिकाका अध्यक्ष श्रीकान्त प्रसाद यादवको अध्यक्षतामा सम्पन्न उक्त बैठकमा मधेश प्रदेश सरकारका वन तथा वातावरण मन्त्री शंकर चौधरी, मधेश प्रदेश महामन्त्री बृहस्पति कृष्ण श्रेष्ठ, नेपाली कांग्रेस पर्साका प्रवक्ता रमेश पाण्डे, सह–सचिव नविन सिंह, नेता बशिष्ठ नारायण कुर्मी लगायतका वक्ताहरूले कांग्रेसलाई विजयी बनाउन सबै तहबाट सक्रिय रूपमा लाग्नुपर्नेमा जोड दिएका थिए ।
बैठकमा आगामी निर्वाचनको रणनीति, संगठन मजबुत बनाउने र स्थानीय तहमा पार्टीको जनाधार विस्तार गर्ने विषयमा समेत छलफल भएको क्षेत्रीय सचिव बलिष्टर अहमदले जानकारी दिए ।

# उद्योगमा लागेको आगलागी नियन्त्रणमा



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको वीरगंज महानगरपालिका वडा नम्बर २१, लिपनीविर्ता (लिपनीमाल) मा रहेको विजया श्री लेमिनेट प्रा.लि.उद्योगमा भएको भीषण आगलागी नियन्त्रणमा आएको छ ।
स्थानीय स्रोतका अनुसार उद्योगको बोइलर च्याम्बर पड्किएपछि आगलागी सुरु भएको अनुमान गरिएको छ ।
घटनाको जानकारी पाउनासाथ नेपाल प्रहरी र बीरगंज महानगरपालिकाका बारुण यन्त्रको टोली घटनास्थलमा पुगेर आगो नियन्त्रणमा लिएको हो । तर आगलागीबाट उद्योगमा रहेका कच्चा पदार्थ तथा मेसिनरी उपकरणहरूमा ठूलो क्षति पुगेको हुन अनुमान गरिएको छ । आगलागीको कारण र क्षतिको विवरणबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# फरक शैली र स्पष्ट योजनासहित पाण्डे चुनावी मैदानमा



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर–३ बाट नेकपा (एमाले)का तर्फबाट उम्मेदवारी दिएका रूपेश पाण्डे फरक शैली, आत्मविश्वास र स्पष्ट दृष्टिकोणका साथ चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् । काठमाडौंमा स्थापित व्यवसाय छाडेर पछिल्ला करिब चार वर्षदेखि गाउँ–गाउँ पुग्दै आएका पाण्डे आफूलाई 'नेता'भन्दा बढी जनताको दुःख–सुखको साथी र विकासको अग्रदूतका रूपमा चिनाउँदै आएका छन् । व्यवसायिक जीवनमा सफलता पाएपनि जन्मभूमिको अवस्था देखेर चुप बस्न नसकी राजनीतिमा होमिएको पाण्डेको भनाइ छ ।
उनले विगत चार वर्षमा क्षेत्रका सबै वडामा पुगेर जनताका समस्या नजिकबाट बुझेको दाबी गर्दै ती समस्या समाधान गर्ने ठोस योजनासहित यसपटक चुनावी मैदानमा उत्रिएको बताएका छन् । पाण्डेका अनुसार पर्सा–३ मा कृषि उपजले बजार नपाउनु सबैभन्दा ठूलो समस्या बनेको छ ।
किसानले उत्पादन गरेका तरकारी, दूध र अन्डाले उचित मूल्य र बजार नपाउँदा यसको प्रत्यक्ष असर युवा पलायनमा परेको उनले बताए । यस अवस्थाको अन्त्य गर्न उनले क्षेत्रमा चारवटा कोल्ड स्टोर स्थापना गरी उत्पादनदेखि बजारीकरणसम्मको शृंखला व्यवस्थित गर्ने योजना सार्वजनिक गरेका छन् ।
शिक्षा र स्वास्थ्यतर्फ संकेत गर्दै पाण्डेले विद्यालय र स्वास्थ्य संस्था पर्याप्त भए पनि सेवाको गुणस्तर कमजोर रहेको बताए । निर्वाचित भएमा सांसदको हैसियतमा नीतिगत पहलसँगै विद्यालय र स्वास्थ्य संस्थाको नियमित अनुगमन गर्ने प्रतिबद्धता उनले व्यक्त गरेका छन् ।
खानेपानी, सडक र सिँचाइ जस्ता पूर्वाधारमा भइरहेको ढिलाइ नेतृत्वको इच्छाशक्ति कमजोर भएकै कारण भएको दाबी गर्दै पाण्डेले आफू विकास र परिणाममुखी राजनीतिका लागि उम्मेदवार बनेको स्पष्ट पारे । पर्सा–३ को समग्र रूपान्तरण नै आफ्नो मुख्य लक्ष्य रहेको उनको भनाइ छ ।

# जनमत पार्टीका उम्मेदवार ओमप्रकाश सरार्फको घरदैलो
## युवालाई रोजगारी प्राथमिकता दिने प्रतिबद्धता



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर–१ बाट जनमत पार्टीका उम्मेदवार ओमप्रकाश सरार्फले वीरगंज महानगरपालिका वडा नम्बर–३२ स्थित चोर्नी टोलमा भेटघाट, संवाद तथा घरदैलो कार्यक्रम सम्पन्न गरेका छन् । घरदैलो अभियानका क्रममा उम्मेदवार सरार्फले औद्योगिक नगरी वीरगंजमै रोजगारीको अभावका कारण युवाहरू विदेशिन बाध्य भएको अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गरेका थिए ।
आफू निर्वाचित भए यस क्षेत्रका एकजना पनि युवा बेरोजगार नबस्ने वातावरण सिर्जना गर्न स्वरोजगारमूलक कार्यक्रमहरूलाई प्राथमिकता दिइने प्रतिबद्धता जनाए । निकास र विकासका लागि जनमत पार्टी र पार्टीको चुनाव चिन्ह 'हर्न' नै उपयुक्त विकल्प भएको उल्लेख गर्दै उनले सबै मतदातालाई जनमत पार्टीमा एकताबद्ध हुन आग्रह गरे ।
कार्यक्रममा जनमत पार्टीका नेता बिध्यालाल प्रसाद, रम्भा मिश्रा, भुपेन्द्र साह, सीए देवराज, डा. मनोज कुमार, दिनानाथ साह, सहनवाज राकी, सत्ययुग साह, नरेश राम, सिकेश महतो, निराजन कुशवाहा, शिव यादवलगायतको उपस्थिति रहेको थियो । साथै स्थानीय युवा दिलिप पासवान, दिनेश हजरा, सरोज पटेलसहित सयौंको संख्यामा कार्यकर्ता तथा स्थानीयवासीको उल्लेखनीय सहभागिता रहेको जनाइएको छ । घरदैलोका क्रममा सरार्फले स्थानीय बासिन्दाका समस्या र सुझावहरू ध्यानपूर्वक सुन्दै युवामैत्री, रोजगारीमुखी तथा विकासकेन्द्रित राजनीतिलाई आफ्नो मुख्य प्राथमिकता बनाउने स्पष्ट पारेका थिए ।

# कलैया उप–महानगरपालिकाको कार्यालय घेराउ




**मधेशदृष्टि**
**कलैया ।**
लामो समयदेखि अलपत्र परेको मानवत–मटिअर्वा मुख्य सडकखण्डको निर्माण कार्य तत्काल सुरु गर्न माग गर्दै अटो चालकहरूले मंगलबार कलैया उपमहानगरपालिकाको कार्यालय घेराउ गरेका छन् । बाराको सदरमुकाम कलैयास्थित साढे तीन किलोमिटर लामो मुख्य सडकखण्ड निर्माणमा ढिलाइ हुँदा दैनिक आवतजावतमा कठिनाइ बढेको, सवारी साधन सञ्चालन जोखिमपूर्ण बनेको र यात्रुहरू समेत प्रभावित भएको अटो चालकहरूको गुनासो छ ।
यसै मागसहित कलैया उपमहानगरपालिका–५ स्थित बरेवा चोकमा अटो चालकहरू आन्दोलनमा उत्रिएका हुन् । प्रदर्शनकारीहरूले सडक निर्माणमा भइरहेको ढिलासुस्ती तत्काल अन्त्य गरी काम सुरु गर्न सम्बन्धित निकायसँग आग्रह गरेका छन् ।

# पर्सा डढेलोको उच्च जोखिममा

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाका बन क्षेत्र डढेलो लाग्ने उच्च जोखिम क्षेत्रमा परेको छ । त्यसैगरि वारा जिल्लाको वन क्षेत्र भने डढेलोको मध्यम जोखिम क्षेत्रको बर्गिकरणमा परेको छ । पर्सा लगायत देशका विभिन्न ९ जिल्ला, वन डढेलोको उच्च जोखिममा परेका राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको हो । प्रधिकरणका अनुसार अघिल्लो वर्षको तथ्याङ्कका आधारमा पर्सा, बाँके, बर्दिया, चितवन, दाङ, कैलाली, कञ्चनपुर, सल्यान र सुर्खेत जिल्लामा वन डढेलोको जोखिम उच्च रहेको छ । वन डढेलोको जोखिम न्यूनीकरणका लागि प्राधिकरणले पूर्वानुमान, निगरानी तथा चेतावनी प्रणालीलाई प्रभावकारी बनाउने, पूर्वतयारी र वैज्ञानिक वन व्यवस्थापनका उपाय अवलम्बन गर्ने कार्ययोजना तय गरेको छ ।

सम्पादकीय

# मधेशमा गगन थापाको अनुमोदन सहज छ ?

सर्लाहीमा गगन थापाको भव्य स्वागत केवल एक नेताको आगमन होइन, कांग्रेसी पंक्तिभित्र जमेको आकांक्षा र विकल्पको खोजीको सार्वजनिक अभिव्यक्ति हो । विशेषतः डा. अमरेशकुमार सिंहको परम्परागत प्रभाव क्षेत्रमै गगनप्रति देखिएको आकर्षणले सर्लाही–४ को राजनीति नयाँ मोडमा प्रवेश गरिरहेको संकेत गर्छ । पहिलो कारण, गगन थापा 'मधेश बाहिरको नेता' हुँदाहुँदै पनि 'मधेशलाई सुन्ने नेता'को छवि बनाउन सफल भएका छन्।

स्वास्थ्य, शिक्षा, रोजगारी र सुशासनजस्ता साझा मुद्दामा उनले गरेको निरन्तर हस्तक्षेप मधेशी मतदातालाई पनि आफ्नो सरोकार बोल्ने नेता भेटिएको अनुभूति दिन थालेको छ। यसै कारण कांग्रेसी कार्यकर्तामात्र होइन, तटस्थ र निराश मतदाता पनि गगनप्रति आकर्षित देखिएका छन्।

दोस्रो, डा. अमरेशकुमार सिंहको भूमिकामाथि प्रश्न उठ्न थालेका छन्। उनी स्पष्ट वक्ता र विद्रोही छविका नेता हुन्, तर पछिल्ला वर्षहरूमा मधेशको संरचनागत मुद्दाःसंघीयताको कार्यान्वयन, प्रदेशको अधिकार, विकास र रोजगारीमा निर्णायक प्रभाव पार्न नसकेको आरोप स्थानीयस्तरमै सुनिन थालेको छ । निरन्तर विरोध र आक्रोश त देखियो, तर परिणाम कहाँ आयो भन्ने प्रश्नले उनको राजनीतिक धार कमजोर बनाएको अनुभूति धेरैमा छ।

तेस्रो, सर्लाही–४ मा देखिएको उत्साह 'पहिचान मात्र होइन, परिणाम चाहियो' भन्ने जनभावनाको संकेत हो। मधेशी मतदाता अब केवल नारामा सीमित राजनीति भन्दा पनि राष्ट्रिय राजनीतिमा निर्णायक हैसियत राख्ने नेताको खोजीमा छन् । यही मनोविज्ञानले गगन थापालाई 'प्रधानमन्त्री हुनसक्ने नेता'को रूपमा हेर्न थालिएको देखिन्छ।

तर यहाँ सावधान रहनुपर्ने कुरा पनि छ । सर्लाहीको भीडले मात्र गगनलाई प्रधानमन्त्री बनाउँदैन। यो संकेत हो—कांग्रेसभित्र नयाँ नेतृत्वप्रतिको चाहना, मधेशमा राष्ट्रिय नेतृत्वको स्वीकार्यता र पुराना ढाँचाप्रतिको असन्तुष्टि। यदि गगनले यो उत्साहलाई संगठन, स्पष्ट मधेश नीति र निरन्तर उपस्थितिमा रूपान्तरण गर्न सके, सर्लाही–४ उनको राजनीतिक यात्राको एउटा निर्णायक मोड बन्न सक्छ।

अन्ततः प्रश्न गगन प्रधानमन्त्री हुन्छन् कि हुँदैनन् भन्ने मात्र होइन, मधेशले अब कस्तो नेता चाहेको छ भन्ने हो । सर्लाहीको दृश्यले एउटै कुरा भने स्पष्ट गर्छ—मधेशको चाहना बदलिँदैछ, र त्यो परिवर्तनलाई बुझ्नेले मात्रै भोलिको राजनीति जित्नेछ।

# स्वच्छ ऊर्जाको कार्यान्वयनबाट हरित अर्थतन्त्र विकास

नवराज ढकाल

विश्व तापमान वृद्धिको प्रमुख कारक तत्वका रुपमा रहेको हरितगृह ग्यास÷कार्बन उत्सर्जनसम्बन्धी अन्तरराष्ट्रिय दृष्टिकोणलाई हेर्दा विश्वको कुल उत्सर्जनमा ऊर्जा क्षेत्रको हिस्सा करिब ७६ प्रतिशत रहेको पाइन्छ। जलवायु परिवर्तन तथा कार्बन वित्त परिचालन सम्बन्धमा अन्तरराष्ट्रिय परिवेशलाई दृष्टिगत गर्दा जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी संस्था (इन्टरगभर्मेन्टल प्यानल अन क्लाइमेट चेन्ज, आइपिसिसी) को प्रतिवेदन, २०२३ अनुसार तापमानलाई १.५ डिग्री सेल्सियस र दुई डिग्री सेल्सियसको बीचमा सीमित राख्नका लागि हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणका उपायहरुलाई थप प्रभावकारी बनाउनु जरुरी देखिन्छ।

विश्वव्यापी रुपमा खुद शून्य हरितगृह ग्यास उत्सर्जनको अवस्था हेर्दा सन् २०१९ को उत्सर्जन सन् २०१० को भन्दा १२ प्रतिशतले वृद्धि भएको पाइन्छ । हरितगृह ग्यास उत्सर्जनका सबै क्षेत्रबाट उत्सर्जन न्यूनीकरणलाई उच्च प्रभावकारिताका साथ अवलम्बन गरेर मात्र खुद शून्य कार्बन उत्सर्जन वा खुद शून्य हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणको लक्ष्य हासिल गर्न सकिन्छ । तसर्थ, विश्व तापमान वृद्धिले खतराको सीमा पार गर्नु अगावै यसको उचित नियन्त्रण गर्न तत्काल हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणसम्बन्धी कार्यहरुलाई द्रुततर एवं गम्भीर ढङ्गले अघि बढाउनु अपरिहार्य देखिन्छ।

ऊर्जा क्षेत्रमा न्यून कार्बनीकरण वा 'डिकार्बनाइजेसन' भन्नाले ऊर्जाको उत्पादन, वितरण तथा उपभोगबाट हुने हरितगृह ग्यास उत्सर्जनलाई न्यूनीकरण गर्दै अन्ततः पूर्ण रुपमा हटाउने प्रक्रियालाई बुझिन्छ। ऊर्जा क्षेत्रमा डिकार्बनाइजेसनका मुख्यतया तीनवटा उपाय रहेका छन्: इन्धन रुपान्तरण (फ्युल स्विचिङ), राष्ट्रिय प्रसारण (ग्रिड) लाइनको सबलीकरण र ऊर्जा दक्षता।

फ्युल स्विचिङ भनेको परम्परागत ऊर्जा र खनिज इन्धनबाट सञ्चालित प्रविधिहरु (सवारी साधन, मेसिनरी, घरायसी उपकरण विशेषगरी खाना पकाउने प्रविधि) लाई स्वच्छ ऊर्जाबाट सञ्चालन गर्नु हो। फ्युल स्विचिङका प्रमुख क्षेत्रहरुमा घरायसी, यातायात, उद्योग र कृषि रहेका छन्।

राष्ट्रिय प्रसारण (ग्रिड) लाइनको सबलीकरण भनेको मौसमी सन्तुलन, आयात न्यूनीकरण, भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्ति, विद्युतीय पूर्वाधारहरुको स्तरोन्नतिको माध्यमबाट ग्रिडलाई हरितगृह ग्यास उत्सर्जन मुक्त बनाउनु हो । अर्थात् हामीले उपयोग गर्ने (स्वदेशमै उत्पादित विद्युत् वा आयात गरिएको) विद्युत् परम्परागत खनिज इन्धनमा आधारित नभई शून्य कार्बन स्रोत जस्तैः सौर्य ऊर्जा, वायु ऊर्जा, जलस्रोतमा आधारित रहेको सुनिश्चितता गर्नु हो । ऊर्जा दक्षता भनेको ऊर्जा दक्ष उपकरण, ग्रिड र औद्योगिक मेसिनरीको उपयोगबाट कुनै वस्तु वा सेवाको उत्पादनमा लाग्ने ऊर्जाको परिमाणलाई कम गर्नु हो।

स्वच्छ ऊर्जाको कार्यान्वयनबाट नेपालको हरित अर्थतन्त्र विकासका लागि स्वच्छ खाना पकाउने ऊर्जा, वितरित नवीकरणीय ऊर्जा, विद्युतीय सवारी (ई–मोबिलिटी), आधुनिक र कृषि क्षेत्रमा ऊर्जा दक्षतालगायत क्रियाकलापमा लगानीका सम्भावनाहरु रहेका छन् । अर्थतन्त्रको न्यून कार्बनीकरणका अवसर तथा चुनौतीहरु एवं मिश्रित लगानीबाट लिन सकिने लाभको पहिचान गर्न तथा स्वच्छ ऊर्जा क्षेत्रको लगानीलाई स्तरोन्नति गर्दै लैजानुपर्ने देखिन्छ। नेपालले राष्ट्रिय लक्ष्य तथा अन्तरराष्ट्रिय प्रतिबद्धताहरुमा डिकार्बनाइजेसनलाई प्राथमिकतामा राखेको छ । तेस्रो राष्ट्रिय निर्धारित योगदान, दिगो विकास लक्ष्य, खुद शून्य उत्सर्जनसम्बन्धी नेपालको दीर्घकालीन रणनीति, सोह्रौँ योजना, ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१ लगायत दस्तावेजहरुमा डिकार्बनाइजेसनसम्बन्धी लक्ष्यहरु समेटिएका छन्।

**स्वच्छ ऊर्जा दिवसको आयोजना**

संयुक्त राष्ट्रसङ्घले पृथ्वी र पृथ्वीमा बसोबास गर्ने मानव तथा सम्पूर्ण प्राणीजगत्को हित गर्ने स्वच्छ ऊर्जाको न्यायपूर्ण र समावेशी रुपान्तरणका लागि सचेतना जगाउने र सोही बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्ने उद्देश्यका साथ सन् २०२३ मा घोषणा गरी २०२४ देखि हरेक वर्ष जनवरी २६ तारिखलाई अन्तरराष्ट्रिय स्वच्छ ऊर्जा दिवसका रुपमा मनाउँदै आएको छ । यो दिवस विश्वभर विभिन्न कार्यक्रमहरु गरेर मनाउने गरिन्छ । नेपालमा यो दिवस मनाउने कार्य वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रले गर्दै आएको छ । केन्द्रले स्थापनाकालदेखि नै नवीकरणीय ऊर्जा प्रविधि विस्तार तथा ऊर्जा दक्ष प्रविधि र उपायहरुको प्रवद्र्धनको माध्यमबाट स्वच्छ ऊर्जाको पहुँच वृद्धि, ऊर्जा सेवालाई भरपर्दो, गुणस्तरीय र दिगो बनाउने तथा ऊर्जा सेवालाई आर्थिक क्रियाकलापहरुसँग सम्बद्ध गराई समावेशी आर्थिक सामाजिक विकासमा योगदान पु¥याउँदै आएको छ । यसका साथै नवीकरणीय ऊर्जा प्रविधिमा आधारित कार्बन परियोजनाहरुको विकास तथा हरित जलवायु कोषको प्रत्यक्ष पहुँच निकायका रुपमा समेत कार्य गर्दै आएको छ।

यसै सन्दर्भमा केन्द्रले ऊर्जा क्षेत्रका विभिन्न साझेदार संस्थाहरुको सहयोगमा 'स्वच्छ ऊर्जाको कार्यान्वयनबाट नेपालको हरित अर्थतन्त्र विकाससम्बन्धी राष्ट्रिय सम्मेलन' आयोजना गरेको छ । स्वच्छ ऊर्जा तथा जलवायु परिवर्तनसम्बन्धी लक्ष्यमा योगदान पु¥याउने उद्देश्यले आयोजित यस कार्यक्रम गत वर्ष आयोजना गरिएको 'उत्थानशील एवं न्यून कार्बनमा आधारित अर्थतन्त्रका लागि स्वच्छ ऊर्जा रुपान्तरणसम्बन्धी सम्मेलन' को निरन्तरता पनि हो। तथापि यस वर्षको सम्मेलनले न्यून कार्बनीकरणको व्यावहारिक पक्षमा जोड दिंदै बहसलाई व्यवहारमा रुपान्तरण गर्ने उद्देश्य लिएको छ। सम्मेलनले नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता एवं जलवायु परिवर्तनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तरराष्ट्रिय सरकारी÷गैरसरकारी निकाय, प्रदेश सरकार तथा स्थानीय तह, अनुसन्धानमुलक÷प्राज्ञिक संस्था, विकास साझेदार संस्था, लगानीकर्ताहरु, यस क्षेत्रका अभ्यासकर्ता, निजी क्षेत्र, सञ्चारजगत्, नगारिक समाज एवं क्षेत्रगत विज्ञहरु एउटै मञ्चमा उपस्थित भई स्वच्छ ऊर्जाको कार्यान्वयनबाट हरित अर्थतन्त्रको विकासमा तीव्रता दिनका लागि रणनीतिक दृष्टिकोणसम्बन्धी छलफल÷अन्तरक्रिया गर्ने अवसर जुटाउनेछ।

**स्वच्छ ऊर्जा प्रवद्र्धनमा केन्द्रको पहल**

स्वच्छ ऊर्जाको माध्यमबाट नेपालको न्यून कार्बन विकास, सामाजिक आर्थिक समुन्नति र हरित अर्थतन्त्र विकासमा केन्द्रको महत्वपूर्ण योगदान रहँदै आएको छ। केन्द्रले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको क्षेत्रमा हासिल गरेका उपलब्धिहरुले न्यून कार्बनीकरणमा महत्वपूर्ण योगदान पु¥याएको छ। सरकारले नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता र स्वच्छ ऊर्जा रुपान्तरणका कार्यहरुलाई अघि बढाउन बलियो कानुनी आधार खडा गर्ने उद्देश्यका साथ नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक अघि बढाएको छ। यस क्षेत्रमा हासिल गरेका उपलब्धिहरुलाई संस्थागत गर्न नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई ऐनको रुप दिने कार्यलाई निर्वाचित संसदले पारित गर्ने विश्वास गरिएको छ।

केन्द्रले हालसम्म लघु तथा साना जलविद्युत्, सुधारिएको पानीघट्ट, सौर्य÷सौर्य–वायु मिनिग्रिड, घरेलु सौर्य विद्युत् प्रणाली, संस्थागत सौर्य विद्युत् प्रणाली, सौर्य सडक बत्ती, मठमन्दिर तथा होमस्टेमा सौर्य ऊर्जा प्रणाली, घरायसी बायोग्यास, संस्थागत, शहरी तथा व्यावसायिक बायोग्यास, सुधारिएको चुलो, विद्युतीय चुलोलगायत परिविधि विस्तारबाट समग्रमा देशको करिब ३७ लाख घरधुरीमा स्वच्छ नवीकरणीय ऊर्जा प्रविधिको सेवा पु¥याएको छ। कूल विद्युत् पहुँचमा नवीकरणीय ऊर्जा प्रविधिको हिस्सा करिब छ प्रतिशत रहेको छ। विद्युत् पहुँच विस्तार र खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको क्षेत्रमा केन्द्रले विशेष जोड दिंदै आएको छ। नवीकरणीय ऊर्जाको क्षेत्रमा ५०० भन्दा बढी कम्पनीहरु क्रियाशील रहेका छन् जसबाट प्रत्यक्ष र अप्रत्यक्ष रुपमा ४० हजारभन्दा बढी रोजगारी सिर्जना भएको छ।

साथै, केन्द्रले सन् २००५ देखि नवीकरणीय ऊर्जा प्रविधिमा आधारित कार्बन व्यापारसम्बन्धी कार्यको थालनी गरेको हो। केन्द्रले स्वच्छ विकास संयन्त्रअन्तर्गत आठवटा आयोजनाबाट हालसम्म कुल ६६ लाख ८० हजार मेट्रिकटन युनिट प्रमाणित कार्बन उत्सर्जन न्यूनीकरण उत्पादन गरी कार्बन व्यापारमार्फत करिब ३६.०११ मिलियन अमेरिकी डलर आम्दानी गरेको छभने यी कार्बन परियोजनाको सञ्चालनबाट भविष्यमा थप आम्दानी हुने सुनिश्चित गरेको छ। नेपालको संविधानले लिएको समावेशी आर्थिक सामाजिक विकासको लक्ष्य हासिल गर्न नवीकरणीय ऊर्जाको विस्तार र ऊर्जा दक्षताको बाटो अवलम्बन गरी स्वच्छ ऊर्जा रुपान्तरणको बाटो अपनाउनु अपरिहार्य रहेको छ। यसका लागि प्रभावकारी र परिणाममुखी सहकार्य जरुरी देखिन्छ। रासस

# त्यसपछि चुनाव लड्न तयार भए शेखर कोइराला



नकुल अर्याल

नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाको स्वभाव त्यस्तै छ। उनी लामा प्रश्नहरूको पनि छोटा उत्तर दिन्छन्। मंगलबार बालुवाटारस्थित आफ्नो सम्पर्क कार्यालयमा पत्रकारहरूसँग उनी संक्षिप्त रूपमा प्रस्तुत भए।

माघ ६ गते प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि मोरङ ६ मा उम्मेदवारी दर्ता गराएपछि क्षेत्रमै व्यस्त रहेका शेखर छोटो समयका लागि काठमाडौं आएका हुन् । समयको चाप र भेटघाटको व्यस्तताबीच उनले पत्रकारहरुसँग अनौपचारिक गफ गरे। गत माघ ४ गते अनुपम फुडल्याण्डमा आफूनिकट नेता कार्यकर्तासँग शेखरले पार्टीको आन्तरिक विषयमा लामो परामर्श गरेका थिए । देशभरका नेता कार्यकर्ताको कुरा सुनेपछि उनले पार्टी र मुलुकको अवस्था विचार गरिरहेको बताए। उम्मेदवारीको अवसर प्राप्त हुनेहरूलाई निर्धक्क भएर चुनाव लड्न आग्रह गरेका उनले आफू भने मुलुकको संवैधानिक अवस्था र पार्टीको अप्ठ्यारोबीच के गर्ने भन्नेमा परामर्शमै रहेको बताए। मंगलबार शेखरलाई सोधियो, 'तपाईँले चुनावबारे परामर्शमै छु भन्नुहुन्थ्यो, के कारणले लड्नुभयो ?'

छोटाछोटा उत्तरमा प्रस्तुत भइरहेका शेखरले अलि विस्तृत बताउन चाहे। यसपटक पार्टीको उम्मेदवार छनोट प्रक्रियामा आफू नरहेको भन्दै उनले कांग्रेस नेतृत्वले आग्रह गरेपछि देशभरका कांग्रेसजनको भावना बुझेर आफू चुनाव लड्न तयार भएको बताए। 'कसैले चुनाव लड्न भनेका थिए, कसैले नलड्न। सबै पार्टीभित्रकै साथीहरू हुनुहुन्थ्यो। माघ ६ गते बिहान साढे नौ बजेसम्म त म यत्तिकै बसिराथे। संसदीय बोर्डका साथीहरुले संवाद गर्नुभयो र चुनाव लड्ने निष्कर्षमा पुगे,' शेखरले भने।

पार्टीभित्र उत्पन्न परिस्थितिले सबैलाई अप्ठ्यारो पारेको भए पनि कांग्रेसको भविष्य र कार्यकर्ताको भावना बुझेर एकतावद्ध हुनुपर्ने महसुस आफूले गरेको शेखरले बताए।

'मलाई चुनाव लड्नुस भन्नुभयो मैले भने, लड्दिनँ। उहाँहरूले देशभरिको उम्मेदवारको लिस्ट देखाउनुभयो । सबै पक्षका साथीहरू अटेको देखेपछि बल्ल म चुनाव लड्न तयार भए,' उनले भने। उम्मेदवार छनोटमा पार्टी नेतृत्वले सबैलाई समेट्न प्रयास गरेको आफूले पाएको उनले बताए। 'गुनासो त शेरबहादुरजीले टिकट बाँड्दा पनि थियो । म आफैँले बाँडे पनि भइरहन्छ। सबै साथीहरूले तपाईँ लड्नुपर्छ भनेपछि म तयार भएँ,' उनले भने।

विशेष महाधिवेशनबाट निर्वाचित नेतृत्वले प्रकाशमान सिंह र डा. शशांक कोइरालालाई उम्मेदवार नबनाएकोमा भने शेखरलाई नमज्जा लागेको छ। 'कांग्रेसले बीपीको छोरा, गणेशमानको छोरालाई उम्मेदवार बन्न नदिनु चै दुःखलाग्दो कुरा हो। फेरि उहाँहरु कन्टिनियस जितिरहेको नेता हो नि,' शेखरले यो सन्दर्भलाई यत्तिमै टुंग्याए। पार्टीका आन्तरिक विषयमा प्रवेश गर्न चाहेनन् । अहिले सबैको ध्यान कांग्रेसलाई चुनाव जिताउनेमा केन्द्रित हुनुपर्नेमा जोड दिए।

मोरङ ६ शेखरका लागि नौलो मैदान होइन । अघिल्लो निर्वाचनमा नेकपा एमालेका लालबाबु पण्डितलाई शेखरले १२ हजार २ सय ७८ मतान्तरले पराजित गरेका थिए। यसपटक एमालेले उम्मेदवार फेरेको छ। एमालेले विनोद ढकाललाई प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनाएको छ। जो शेखरका लागि नयाँ पनि होइनन् । शेखर र विनोदबीच २०६५ सालमा पहिलो संविधानसभाको उपनिर्वाचनमै प्रतिस्पर्धा भएको थियो।

त्यतिबेला विजयी भएका शेखरले २०७० र २०७९ मा यसै क्षेत्रबाट जितिसकेका छन् । २०७४ मा लालबाबु वामगठबन्धनको उम्मेदवार बन्दा शेखर ६ सय ७५ मतले पछाडि परेका थिए । शेखर र विनोदबीच १७ वर्षपछि चुनावी प्रतिस्पर्धा हुँदैछ । आफ्ना प्रतिस्पर्धीबारे सोध्दा शेखरले व्यक्तिको बारे आफू नबोल्ने बताए।

'म व्यक्ति–व्यक्तिबीच चुनाव हुन्छ भन्ने मान्दिनँ। हामी सबै दलका उम्मेदवार हौँ । म कांग्रेसको उम्मेदवार हुँ। मेरो प्रतिस्पर्धा एमालेसँग पनि हुन्छ , राप्रपासँग पनि हुन्छ,' उनले भने।

विगतमा मतदाता भेटघाट र घरदैलो मात्रैले पनि चुनावी अभियान पर्याप्त हुन्थ्यो। अहिले घरदैलोका लागि पर्याप्त समय नहुने र मतदाताले पनि डिजिटल प्रचार रुचाउने शेखरको बुझाई छ।

'युवाहरूले डिजिटल रुपमै उम्मेदवारलाई देख्न, चिन्न खोजेका छन् । पहिलेभन्दा चुनावको शैली बदलिएको छ। हामीले पनि आफूलाई नयाँ रूपमा प्रस्तुत गर्नुपर्छ,' उनले भने । पार्टीभित्र सन्दर्भ फेरिएको छ। शेखरको भूमिका फेरिएको छ। उनी आफूलाई कांग्रेसको क्रियाशील सदस्य बताउँछन्।

'म यतिबेला कांग्रेसको क्रियाशील सदस्यका रूपमा छु । यही साधारण पहिचान बोकेरै मतदातामाझ जान्छु,' शेखरले भन्ने।

'पार्टीभित्र रक्षात्मक बन्नुपरेको बेला , राष्ट्रिय राजनीतिमा पनि नयाँहरुको प्रभाव बढेको बेला जित्नुहुन्छ त ?,' सीधा प्रश्नमा, शेखरले फेरि छोटो उत्तर दिए, जित्नकै लागि त उठेको हुँ।

# ट्रम्पको कर चेतावनीले सियोल चिन्तित

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अटोमोबाइल, काठ र फार्मास्युटिकल्स लगायत दक्षिण कोरियाबाट आयात हुने सामानहरूमा कर बढाउने घोषणा गर्नुभएपछि दक्षिण कोरियाको सरकारले मङ्गलबार आपतकालीन बैठक बोलाएर स्थिति मूल्याङ्कन गरेको छ।

राष्ट्रपति ट्रम्पले सोमबार दक्षिण कोरियाले वासिङ्टनसँग यसअघि भएको व्यापार सम्झौताको पूर्ण पालना नगरेको आरोप लगाउँदै ती सामानहरूमा कर बढाउने बताउनुभएको हो। उहाँको घोषणाअनुसार हाल १५ प्रतिशत रहेको कर दर बढेर २५ प्रतिशत पुग्नेछ।

तर, दक्षिण कोरियाको राष्ट्रपति कार्यालयले अमेरिकी पक्षबाट यस्तो कर वृद्धि योजनाबारे आफूहरूलाई पहिल्यै कुनै आधिकारिक सूचना नआएको स्पष्ट पारेको छ। राष्ट्रपति ट्रम्पले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्म 'ट्रुथ सोसल'मा लेख्दै 'दक्षिण कोरियाको विधायिकाले अमेरिकासँग गरिएको सम्झौताअनुसार काम गरिरहेको छैन' भन्ने दाबी गर्नुभएको छ। उहाँका अनुसार कोरियाली संसद्ले 'हाम्रो ऐतिहासिक व्यापार सम्झौता लागू नगरेकाले' उहाँले कर दर बढाउने निर्णय लिनुभएको हो।

यस घोषणापछि सियोलमा मङ्गलबार आपतकालीन बैठक बसेको थियो। उक्त बैठकमा हाल क्यानाडामा रहनुभएका व्यापार तथा उद्योग मन्त्री किम जङ्ग–क्वान टाढाबाट सहभागी हुनुभएको थियो । बैठकपछि जारी गरिएको विज्ञप्तिमा दक्षिण कोरियाली सरकारले अमेरिकी पक्षसँग भएको प्रशुल्क सम्झौता कार्यान्वयनप्रति आफ्नो प्रतिबद्धता दोहो¥याउँदै शान्त र मापन गरिएको तरिकाले प्रतिक्रिया जनाउने बताएको छ।

सरकारले वासिङ्टनले घोषणा गरेको कर वृद्धि तत्काल लागू नहुने र सङ्घीय रजिस्टरमा प्रकाशन जस्ता आवश्यक प्रशासनिक प्रक्रिया पूरा भएपछि मात्र प्रभावमा आउने विश्वास व्यक्त गरेको छ। यसैबीच, दक्षिण कोरियाका व्यापार मन्त्री किम यस विषयमा छलफल गर्न अमेरिकी वाणिज्य मन्त्री हावर्ड लुटनिकसँग भेटवार्ता गर्न वासिङ्टन जाने तयारीमा हुनुहुन्छ।

यो घटनाक्रम वासिङ्टन र सियोलबीच केही महिनाअघि मात्र व्यापार तथा सुरक्षा सम्झौता भएको पृष्ठभूमिमा आएको हो। ती सम्झौताहरूले लामो समयदेखि चलेको तनावपूर्ण वार्तालाई सीमित गर्दै द्विपक्षीय सम्बन्धलाई नयाँ दिशामा लैजाने अपेक्षा गरिएको थियो। गत अक्टोबरमा दक्षिण कोरियाली समकक्षी ली जे म्युङसँग राष्ट्रपति ट्रम्पको भेटपछि अमेरिकी शुल्क कटौती र दक्षिण कोरियाबाट थप लगानीको प्रतिबद्धतासहित सम्झौतालाई अन्तिम रूप दिइएको थियो।

तर त्यसयता सम्झौता दक्षिण कोरियामा कानूनी रूपमा अझै लम्बित अवस्थामा रहेको छ । सियोलको राष्ट्रपति कार्यालयले नोभेम्बरमा यस सम्झौताले बाध्यकारी कानूनी दस्तावेजभन्दा बढी समझदारी ज्ञापनपत्रको स्वरूप लिएको तर्क गर्दै संसदीय स्वीकृतिको आवश्यकता नपर्ने जनाएको थियो। सम्झौता संसद्मा पेस गरिएको छ वा छैन भन्ने प्रश्नमा एक वरिष्ठ अधिकारीले मङ्गलबार एएफपीलाई आफूहरूले त्यसबारे समीक्षा गरिरहेको बताउँदै विस्तृत जानकारी दिन अस्वीकार गर्नुभएको छ।

सम्झौताअनुसार वासिङ्टनले सवारी साधन, कार पाट्र्स र फार्मास्युटिकल्ससहित दक्षिण कोरियाली सामानहरूमा अधिकतम १५ प्रतिशतसम्म कर लगाउने व्यवस्था गरेको थियो। विशेषगरी, यस सम्झौताले दक्षिण कोरियाली कारहरूमा लाग्ने अमेरिकी शुल्क २५ प्रतिशतबाट घटाएको थियो। तर राष्ट्रपति ट्रम्पको पछिल्लो चेतावनी यदि कार्यान्वयनमा आयो भने त्यो व्यवस्था उल्टिनेछ।

संयुक्त राज्य अमेरिकामा दक्षिण कोरियाको कुल निर्यातमध्ये करिब २७ प्रतिशत अटो उद्योगले ओगटेको छ, जुन देशको कुल कार निर्यातको लगभग आधा हिस्सा हो। उच्च कर दरमा पुनः फर्किनु परेमा दक्षिण कोरियाली निर्यात जापान र युरोपेली सङ्घ (इयु) जस्ता अर्थतन्त्रहरूको तुलनामा कमजोर स्थितिमा पर्न सक्ने विश्लेषकहरूको भनाइ छ, किनकि ती दुवैले अमेरिकासँग १५ प्रतिशत करमै सहमति गरिसकेका छन्।

हालसम्म ट्रम्प प्रशासनले कर परिवर्तन लागू गर्न आवश्यक औपचारिक सूचनाहरू सार्वजनिक गर्न बाँकी नै राखेको छ। दक्षिण कोरियालाई लक्षित गर्दै आएको यो चेतावनी हालैका दिनहरूमा अमेरिकी राष्ट्रपतिको प्रमुख व्यापारिक साझेदारहरूमाथिको पछिल्लो कडा अभिव्यक्तिमध्ये एक हो। यसअघि सप्ताहन्तमा राष्ट्रपति ट्रम्पले क्यानाडालाई चेतावनी दिंदै चीनसँग व्यापार सम्झौता गरेमा सीमापार आउने सबै सामानमा १०० प्रतिशत भन्सार शुल्क लगाइने बताउनुभएको थियो । त्यसैगरी, जनवरीको सुरुमा उहाँले ग्रिनल्यान्ड खरिद नभएसम्म धेरै युरोपेली राष्ट्रहरूमा कर लगाउने धम्की दिनुभएको थियो, र त्यसपछि पनि उहाँले ती धम्कीहरूलाई सार्वजनिक रूपमा समर्थन गर्दै आउनुभएको छ। एएफपी

# दल र उम्मेदवारले बैङ्कबाट कारोबार गर्नुपर्ने



**काठमाडौँ।**
निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले प्रतिनिधिसभा सदस्य निर्वाचनमा राजनीतिक दल र उम्मेदवारले बैंकिंग प्रणालीबाट आर्थिक कारोबार गर्नुपर्ने बताएका छन् । आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी निर्वाचन आयोगले मंगलबार आयोजित निजी क्षेत्रका छाता संस्थासँगको अन्तरक्रियामा उनले निर्वाचनका समयमा राजनीतिक दल र उम्मेदवारसँग नगद कारोबार नगर्न आग्रह गरेका हुन् ।

दल र उम्मेदवारले बैङ्किङ प्रणाली विपरीत कारोबार गरे उम्मेदवारी रद्दसम्मका कारबाही गर्न सकिने कानुनी व्यवस्था रहेको पनि कार्यवाहक प्रमुख आयुक्त भण्डारीले बताए । उनले मुलुक बङ्गलादेशको जस्तो स्थितिमा गुज्रिनु नपरोस् भनी अनुशासनमा राख्न र लयमा फर्काउन सबै पक्षले निर्वाचनलाई सहयोग गरेको पनि बताए।

गत भदौ २३ र २४ गतेको अवस्थाबाट देशलाई लयमा फर्काउन निर्वाचन नै उपयुक्त माध्यम हो भनी आयोग सुरुदेखि नै लागिपरेको बताउँदै उनले यसमा व्यवसायी र सञ्चारमाध्यमले पनि सहयोग गरेकामा धन्यवाद दिए । सुशासन र स्थायी शान्ति भएन भने मुलुक अझै पर धकेलिने भएकाले पनि अहिले निर्वाचन नै पहिलो आवश्यकता भएको उनको भनाइ थियो।

निर्वाचन बिथोल्ने शक्ति अहिले क्षीण भएर गएकाले फागुन २१ गते निर्वाचन हुने विषयलाई अब कसैले नकार्न नसक्ने कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीको भनाइ थियो । राष्ट्रिय झण्डाको दुरुपयोग रोक्न आयोगले सरकारलाई लेखी पठाएपछि गृह मन्त्रालयले सरोकार भएका निकायलाई ध्यानाकर्षण गराई यसको कार्यविधिअनुसार गर्न आह्वान गरेको उनले स्मरण गराए।

निर्वाचन आचारसंहिताको सबैले पूर्ण पालना नगरेमा कानुन अनुसारका कारबाही गर्ने प्रक्रिया अघि बढाइएको जानकारी पनि गराए । पर्यवेक्षणका नाममा विदेशीहरु पनि विभिन्न रुपमा आउने गरेकाले यसपटक पर्यवेक्षकको पनि पर्यवेक्षण गर्नुपर्ने आवश्यकता औँल्याउँदै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले निजी क्षेत्रका प्रतिनिधिलाई पनि यसमा सहयोग गर्न आह्वान गरे।

आयोगका सचिव कृष्णबहादुर राउतले निजी क्षेत्रले निर्वाचन आचारसंहिता पालनामा सहयोग गर्नुपर्ने बताउँदै सबैको सहकार्यमा आवधिक निर्वाचन गराएर लोकतन्त्रलाई स्थायित्व दिनुपर्ने बताए। निर्वाचनका क्रममा करिब रु ३१ अर्ब खर्च हुने जानकारी गराउँदै उनले त्यसबाट उद्योग, व्यवसायलगायत अर्थतन्त्र चलायमान हुने उल्लेख गरे। रासस

# निर्वाचनलाई निष्पक्ष र भयरहित बनाउन सरकारलाई ध्यानाकर्षण



**काठमाडौँ।**
राष्ट्रियसभा सदस्यहरुले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन सरकारलाई ध्यानाकर्षण गराएका छन् । सभाको मंगलबारको बैठकको विशेष समयमा राष्ट्रियसभा सदस्यहरुले राष्ट्र र जनताको हितका लागि हस्तक्षेप गर्न सक्ने उम्मेदवारलाई विजयी गराउन मतदातालाई आग्रह गरेका छन्।

नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रियसभाका सचेतक गङ्गाकुमारी बेलबासेले बेथिति र भ्रष्टाचार, वैदेशिक हस्तक्षेपका विरुद्ध सशक्त आवाज उठाउने उम्मेदवारलाई विजयी गराउनुपर्ने धारणा राखिन् । उनले भनिन्, 'मतको दुरुपयोग नगर्नुहोला । सच्चा व्यक्ति र मतको कदर गर्ने व्यक्तिलाई जिताउन अपिल गर्छु । अब बन्ने सरकारले विकृति र विसङ्गति रोक्ने र बेरोजगारीको अन्त्य गर्नुपर्छ।'

उनले चुनावी प्रचारप्रसारका क्रममा राष्ट्रिय झण्डाको दुरुपयोग भएकाले राष्ट्रिय झण्डा दुरुपयोग गर्नेलाई कारबाही गर्नुपर्ने बताइन् । सोही पार्टीका सांसद राजेन्द्रलक्ष्मी गैरेले अघिल्लो सरकारले मुलुकमा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न नसक्दा जेनजी आन्दोलन भएको यथार्थ प्रस्तुत गर्दै मुलुकको समृद्धिका लागि सबै पक्ष एकताबद्ध हुनुपर्नेमा जोड दिइन् । राजनीतिक अनिश्चितताका बीच निर्धारित मितिमै निर्वाचन सम्पन्न गर्न लागेको सरकारलाई धन्यवाद दिँदै उनले राष्ट्र र जनताको सर्वोत्तम हित गर्न सक्ने उम्मेदवारलाई निर्वाचनमा विजयी गराउनुपर्ने बताइन्।

नेपाली कम्युनिष्ट पार्टीका सांसद गोपीबहादुर सार्की अछामीले लोकतन्त्र र संविधान रक्षाका लागि निर्वाचनबाहेक कुनै विकल्प नरहेको उल्लेख गर्दै निर्वाचनलाई शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउन सरकारको ध्यानाकर्षण गराए । जेनजी आन्दोलनका क्रममा प्रहरीका हतियार लुटिएका छन्, बन्दीहरु बाहिरै छन्, नयाँ र पुराना राजनीतिक दलबाट तिक्ततापूर्ण अभिव्यक्ति आइरहेका छन् उनले भने, 'निर्वाचन शान्तिपूर्ण ढङ्गबाट अगाडि बढोस्, लोकतन्त्र, संविधान र परिवर्तनका उपलब्धिहरुलाई संस्थागत गर्दै जनभावनाअनुसारको अघि बढ्ने परिस्थिति होस्।

नेपाली कांग्रेसका सांसद किरणबाबु श्रेष्ठले निर्वाचनमार्फत मुलुकलाई संवैधानिक 'ट्र्याक'मा ल्याउनुपर्नेमा जोड दिए।

'पुराना दलहरुलाई यो निर्वाचनबाट 'नामेट' बनाउनुपर्छ भन्ने भाष्य सिर्जना गरेर केही नयाँ भनिएका राजनीतिक दल लागिरहेका छन्, यो मुलुकमा प्रजातन्त्र, लोकतान्त्रिक अधिकार र संविधान कसले ल्यायो ?", उनले भने, 'दलका केही पात्र खराब हुन सक्छन्, तर राजनीतिक दललाई दोषको भागी बनाएर जनतामा भ्रमित गर्ने कोसिस भइरहेको छ, त्यसप्रति सम्पूर्ण नागरिक सचेत हुनुपर्छ।'

कांग्रेस सांसद नारायणदत्त मिश्रले निर्वाचनलाई निष्पक्ष र धाँधलीरहित बनाउँदै दल तथा उम्मेदवारलाई मत माग्न र मतदातालाई ढुक्क भएर मतदान गर्ने व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराए । सांसद मिश्रले जेनजी आन्दोलनले सकारात्मक र नकारात्मक पाटोप्रति सदैव सचेत हुनुपर्ने बताए।

यो आन्दोलनले सबै एक हौँ भन्ने भावना विस्तार र युवालाई एकजुट गरायो, तर कसैलाई शासनबाट लेखट्न वैचारिक र वैधानिक बाटोको सट्टा तोडफोड र आगजानी गर्ने खराब बाटोबाट देशका युवाहरु उद्यत हुन्छन् भन्ने चिन्ताले सताएको छ उनले बताए।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद गोपाल भट्टराईले जेनजी आन्दोलनका क्रममा कारागारबाट भागेका कैदी र प्रहरीबाट लुटिएका हतियार निर्वाचन सुरक्षामा चुनौती बन्न सक्ने उल्लेख गर्दै सुरक्षा व्यवस्थालाई सुदृढ बनाउन सरकारको ध्यानाकर्षण गराए । मुलुकलाई असफल राष्ट्र बनाउने चलखेल भइरहेको जनाउँदै उनले यसप्रति संसद् चनाखो बन्नुपर्ने बताए। रासस

# घोषणापत्रमा सुशासन र विकासलाई प्राथमिकतामा राखिने



**काठमाडौँ।**
नेपाली कांग्रेसले आगामी निर्वाचनका लागि सार्वजनिक गर्ने घोषणापत्रमा 'भिजन–१०' समेटने भएको छ । मंगलबार पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित पत्रकार सम्मेलनमा पार्टी प्रवक्ता देवराज चालिसेले घोषणापत्रले मुलुकको यथार्थ अवस्था चित्रण गर्दै सुशासन, विकास र व्यवहारिक कार्ययोजनालाई मुख्य आधार बनाउने बताएका छन्।

उनका अनुसार कांग्रेसको घोषणापत्र केवल आकांक्षा र प्रतिबद्धतामा सीमित नहुने, त्यसलाई कार्यान्वयन गर्न आवश्यक स्रोत र उपायसमेत स्पष्ट रूपमा उल्लेख गरिनेछ । घोषणापत्रमा स्रोत व्यवस्थापनका उपाय पनि समेटिन्छन् चालिसेले भने, 'घोषणापत्र निर्माणका क्रममा पार्टीले जिल्ला–जिल्लाबाट सुझाव सङ्कलन गरिरहेको छ।'

स्थानीय तह, क्षेत्र र जिल्लाबाट आएका सुझावलाई एकीकृत गरेर राष्ट्रिय आवश्यकतासँग जोडिने उनको भनाइ छ। कांग्रेसले गर्न सक्ने क्षमता, व्यवहारिकता र कार्यान्वयनयोग्य कार्यक्रम समेटिएको घोषणापत्र ल्याउँछ प्रवक्ता चालिसेले भने, 'घोषणापत्रमार्फत हरेक नागरिकको मन छुने, सबै वर्ग, क्षेत्र र समुदायको भावना अटाउने प्रयास गरिने छ।'

उनका अनुसार कांग्रेसको घोषणापत्रले वर्तमान चुनौती र भविष्यको दिशालाई एकैसाथ सम्बोधन गर्दै विश्वासयोग्य विकल्प प्रस्तुत गर्नेछ । पार्टीले घोषणापत्रमार्फत स्थिरता, उत्तरदायित्व र समावेशी विकासको स्पष्ट खाका जनतासामु राख्ने तयारी गरेको छ। प्रवक्ता चालिसेले पार्टीले चुनाव प्रचारप्रसारलाई मितव्यी र मर्यादित बनाउने बताए । उनले निर्वाचन प्रचारप्रसारका क्रममा निर्वाचन आयोगको आचारसंहितालाई पूर्ण रूपमा पालना गरिने बताए । गलत संस्कृतिको विकास नहोस् र प्रतिस्पर्धा मर्यादित रहोस् भन्ने उद्देश्यले पार्टीले आन्तरिक रूपमा थप आचारसंहिता निर्माण गरी मातहतका निकायहरूलाई कडाइका साथ पालना गर्न निर्देशन दिइएको छ । प्रचारका दौरान पार्टीका नीति, योजना तथा कार्यक्रमहरूलाई प्राथमिकता दिई जनतामा विश्वास र भरोसा स्थापित गर्ने प्रयास गरिनेछ। कुनै पनि प्रतिपक्षी उम्मेदवारको व्यक्तिगत जीवनमा प्रवेश नगर्ने, मानव स्वतन्त्रताको सम्मान गर्ने हाम्रो नीति रहेको छ प्रवक्ता चालिसे बताए। रासस

# आचारसंहिता उल्लङ्घनको आरोपमा स्पष्टीकरण




**काठमाडौँ।**
निर्वाचन आयोगले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको आरोपमा राजनीतिक दल, उम्मेदवार, सामाजिक संस्था र विद्यालय गरी विभिन्न सात व्यक्ति तथा निकायलाई स्पष्टीकरण सोधेको छ।

नेपाल जनसेवा पार्टीकी प्रतिनिधिसभा सदस्य पदको उम्मेदवार जानुका पाठक (शोभा पाठक) लाई सामाजिक सञ्जालमा त्यसै निर्वाचन क्षेत्रका अर्का उम्मेदवार तथा पार्टी विरुद्ध गाली, भ्रामक वा द्वेषपूर्ण र व्यक्तिगत मानहानि गर्ने सामग्री प्रसारण गरी आचारसंहिताको उल्लङ्घन हुने कार्य गरेको हो वा होइन भनी स्पष्टीकरण सोधेको आयोगका सहायक प्रवक्ता सीता पुन श्रीसले जानकारी दिइन् । जसअन्तर्गत निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (ञ) र (ण) उल्लङ्घन गरेको हो वा होइन भनी उनीलाई आयोगले स्पष्टीकरण सोधेको हो। त्यसैगरी श्रम संस्कृति पार्टीलाई पनि आयोगले दलको लोगो, नाम, चिह्न र उम्मेदवारको तस्बिर अङ्कित टिसर्ट लगाई बालबालिकाको प्रयोग गरेर आचारसंहिताको उल्लङ्घन गरेको हो वा होइन भनी स्पष्टीकरण सोधिएको सहायक प्रवक्ता श्रीसले बताइन् । यसबाट निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (घ) उल्लङ्घन भएको ठहर गर्दै आयोगले स्पष्टीकरण सोधेको हो। जनसेवा पार्टीकै अर्का उम्मेदवार कमल भुसाल (डा निकोलस) लाई पनि आयोगले सामाजिक सञ्जाल समेतमा सार्वजनिक गरेको जुत्ता सम्बन्धमा जेनजी आन्दोलनमा रगतमा लतपतिएको भाइरल जुत्ता अमुक व्यक्तिको रहेको र सो जुत्ता दरुपयोग भएको भनी उजुरी पर्न आएकाले आयोगले स्पष्टीकरण सोधेको छ।

नेपाल स्वास्थ्य स्वयम्सेवक सङ्घलाई ट्रेड युनियनको अधिवेशन गर्न लागेको भन्ने विषयको उजुरी प्राप्त भएकाले यसमा के कसो भएको हो ? कुन मितिमा अधिवेशन गर्न लागेको हो भनेर स्पष्टीकरण सोधेको आयोगले जनाएको छ। आयोगले स्वास्थ्य स्वयम्सेवक सङ्घलाई तीन दिनभित्र लिखित जवाफ पेस गर्न निर्देशन दिएको छ।

आधारभूत विद्यालय, श्रीसिया, आदर्शचोकलाई विद्यालयमा कार्यरत बालविकास शिक्षिका सन्तोषी गुप्तालाई एवं जोरजुलम करकाप प्रयोग गरी सरुवा गरिएको भन्ने व्यहोराको उजुरी प्राप्त भएकाले यस विषयमा के कसो भएको हो ? भनी स्पष्टीकरण सोधिएको छ । निर्वाचन आचारसंहिता, २०८२ को दफा १० को खण्ड (च) अनुसार सो विद्यालयलाई स्पष्टीकरण सोधिएको पनि आयोगले जनाएको छ । विद्यालयलाई दुई दिनभित्र स्पष्टीकरण पेस गर्न आयोगले निर्देशन दिएको छ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत माक्र्सवादी लेनिनवादी) का भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं २ का उम्मेदवार महेश बस्नेतलाई पनि आयोगले स्पष्टीकरण सोधेको छ । मधेशी समुदायको संस्कृति र पहिचानमाथि प्रहार, भाषिक नश्लवाद र घृणास्पद अभिव्यक्ति दिएकाले कारबाही गरी पाऊँ भन्ने विषयको उजुरी पर्न आएकाले उजुरीमा उल्लेख गरिएजस्तो अभिव्यक्ति दिएको हो वा होइन भनी आयोगले स्पष्टीकरण सोधेको हो।

यसबाट नेपालको संविधानको धारा १८, निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (ठ), सोही आचारसंहिताको दफा १३ को उपदफा (१) को (ञ), मुलुकी अपराधसंहिता, २०७४ को दफा १५६ र विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ को पनि उल्लङ्घन भएको हो होइन भनी आयोगले बस्नेतसँग जवाफ माग गरेको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार बालेन्द्र शाहलाई सार्वजनिक बहसका लागि एमाले अध्यक्षले सामाजिक सञ्जालमा राखेको विषयमा लेखेको प्रतिक्रियाका बारेमा स्पष्टीकरण सोधेको आयोगले जनाएको छ। आयोगले यसअघि निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने दल, उम्मेदवार, सामाजिक संस्था, सरकारी निकायलगायत आठवटा निकायलाई स्पष्टीकरण सोधेको थियो । हालसम्म आयोगले आचारसंहिता विपरीत काम गरेको उजुरी आएको भनी १५ वटा स्पष्टीकरण सोधेको छ । त्यसमध्ये हालसम्म एउटाको मात्र जवाफ प्राप्त भएको जनाइएको छ। रासस

# परिवर्तनकारी शक्तिबीच ऐक्यबद्धताको खाँचो



**काठमाडौँ।**
नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले परिवर्तनकारी शक्तिहरूबीच ऐक्यबद्धताको खाँचो रहेको औँल्याएका छन् । पार्टी मुख्यालय पेरिसडाँडामा मंगलबार विभिन्न पार्टीसँगको एकता कार्यक्रममा उनले राष्ट्रवादी र कम्युनिष्ट आन्दोलनलाई बलियो बनाउन चाहने शक्ति एक हुनुपर्ने बताए।

एक्लाएक्लै हिँडेर कम्युनिष्ट आन्दोलनलाई अघि बढाउन सकिँदैन पूर्वसहकर्मीलाई एकतामा आउन अपिल गर्दै संयोजक दाहालले भने, 'समृद्धिको जनचाहना पूरा गर्न पनि परिवर्तनकारी शक्ति एकताबद्ध हुनुको विकल्प छैन।'

कार्यक्रममा मोहन वैद्य नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टी (एकता पक्षधर समूह) र चुरे भावर पार्टी नेकपामा समाहित भएको घोषणा गरिएको थियो।

त्यसअवसरमा नेकपा (एमाले) को गण्डकी प्रदेश कमिटी सदस्य महोदत्त अधिकारी नेकपामा प्रवेश गरेका थिए। रासस

# चुनावी प्रचारमा बालबालिका प्रयोग गरिएकोमा ध्यानाकर्षण

**काठमाडौँ।**
बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)ले निर्वाचन आचारसंहिता विपरीत बालबालिकालाई चुनावी प्रचारप्रसारमा प्रयोग गरिएका क्रियाकलापप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

आशन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको उम्मेदवारी मनोनयन दर्ता सकिएसँगै बालबालिकालाई जुलुसमा सहभागी गराइएको, राजनीतिक दलको चुवान चिन्ह र उम्मेदवारको तस्वीर भएको टिसर्ट लगाई प्रयोग गरिएको, पार्टी कार्यालय र सम्पर्क कार्यालयमा विद्यालय पोशाकमै बालबालिकाको उपस्थित गराइएको, दलगत प्रचारप्रसारका लागि झण्डा बोकाई बालबालिकाको प्रयोग गरिएको समाचार आएको भन्दै सो अभियानले आपत्ति जनाएको हो।

आचारसंहिताको प्रभावकारी अनुगमन र कारवाहीका लागि सिजपले निर्वाचन आयोगलाई आग्रह पनि गरेको छ । सो अभियानका अध्यक्ष तिलोत्तम पौडेलले 'बालबालिका र विद्यालय शान्ति क्षेत्र हुन्' भन्ने मान्यतालाई चुनौती दिँदै कानुन विपरीत हुने गरी गरिएका यस्ता क्रियाकलाप विरोध गर्दै बालबालिकाको दलगत प्रयोग बन्द गर्न तथा बालबालिका र विद्यालयलाई शान्तिक्षेत्रका रूपमा विकास गर्न आग्रह गरे।

बालबालिका सम्बन्धी ऐन, २०७५ र विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ को विरुद्ध हुने गरी गरिएका यस्ता क्रियाकलापले बालबालिकाको मनोभावना, उनीहरूको सुरक्षाका साथै विद्यालयको शैक्षिक कार्यक्रममा प्रत्यक्ष असर पार्नुका अतिरिक्त बालबालिकाको भविष्य तथा सिङ्गो समाजलाई दूरगामी रूपमा नकारात्मक असर पर्ने पौडेलको भनाइ छ। रासस

# राष्ट्रिय सभामा दुई प्रतिवेदन पेस



**काठमाडौँ।**
राष्ट्रियसभाको मंगलबारको बैठकमा दुईवटा प्रतिवेदन पेस भएका छन् । मंगलबारको बैठकमा विधायन व्यवस्थापन समितिका सभापति तुलसाकुमारी दाहालले 'चलचित्र विधेयक, २०८१ सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन' पेस गरेकी हुन्।

त्यसैगरी सभामा 'सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको आर्थिक वर्ष २०८१÷०८२ को वार्षिक प्रतिवेदन' पेस भएको छ । सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका सभापति सोनाम गेल्जेन शेर्पाले उक्त प्रतिवेदन पेस गरेका हुन्।

चलचित्र विधेयक माथिको समितिको प्रतिवेदन पेस गर्दै सभापति दाहालले चलचित्र क्षेत्रलाई सामाजिक, सांस्कृतिक र मनोरञ्जनात्मक उद्योगका रुपमा विकास गर्न, चलचित्रमार्फत् देशलाई पर्यटन गन्तव्यका रूपमा अगाडि बढाउन, चलचित्र प्रदर्शन अघि जाँच गर्ने व्यवस्था तथा प्रवर्द्धन र नियमनका लागि यो कानुन महत्वपूर्ण रहेको बताए । सभाको अर्को बैठक यही माघ १४ गते बुधबार अपराह्न साढे १ बजे बस्नेछ। रासस

# ‘एसियन हाइवे’ निर्माण दुई वर्षमा ३५ प्रतिशत



**मोरङ ।**
सडक सञ्जालमार्फत एसियाली राष्ट्रलाई जोड्ने मुख्य उद्देश्यका साथ अगाडि बढाइएको ‘एसियन हाइवे’ काँकरभिट्टाबाट लौकही सडकखण्डमा निर्माण सुरु भएको दुई वर्षमा करिब ३५ प्रतिशत काम सकिएको छ । आइतबारदेखि झापाको पाडाजुगीबाट पश्चिम सडक पहिलो चरणको एकलेन कालोपत्र सुरु भएको आयोजनाअन्तर्गत पश्चिम खण्ड इटहरी कार्यालयका प्रमुख जगत प्रजापतिले बताए । निर्माण सम्झौता भएको दुई वर्षमा करिब ३५ प्रतिशत काम सकिएको उनले जानकारी दिए ।

प्रमुख प्रजापतिका अनुसार एसियन राजमार्ग नं २ अन्तर्गत काँकरभिट्टाबाट लौकहीसम्मको १२० किलोमिटर सडक स्तरोन्नति हुने भनिए पनि हाल ९५ दशमलव ७६ किमी सडक मात्र ठेक्का लागेर काम भइरहेको छ । पूर्वी खण्ड र पश्चिम खण्ड गरी दुई भागमा विभाजन गरेर काम भइरहेको उनले उल्लेख गरे । हालसम्म दुवैखण्डमा गरी करिब २० किलोमिटर एकतर्फी सडकमा पहिलो चरणको कालोपत्र सकिएको छ । आयोजना पूर्वी खण्ड दमक कार्यालयका प्रमुख सुनीलबाबु पन्तका अनुसार पूर्वीखण्डमा पनि करिब ३५ प्रतिशत काम सम्पन्न भएको बताए ।

निर्माण सामग्री उपलब्धतामा सहजता भएमा कामले तीव्रता पाउने पन्तले बताए । पूर्वी खण्डमा बिजुलीका खम्बा सार्ने काम करिब ८० प्रतिशत सकिएको जनाउँदै उनले पश्चिम खण्डमा करिब ४० प्रतिशत मात्र काम भएको बताए । बजार क्षेत्रका खम्बा सार्न बाँकी रहेको आयोजना कार्यालयले जनाएको छ । कार्यालयका अनुसार पूर्वी खण्डका ठूला पुल निर्माणमा २३ प्रतिशत प्रगति भएको छ भने पश्चिम खण्डमा २५ प्रतिशत प्रगति भएको छ ।

एसियन हाइवे थाइल्याण्डको बैंककबाट सुरु भई म्यान्मा, बङ्गलादेश, भारत हुँदै नेपालको काँकडभिट्टाबाट पूर्व पश्चिम राजमार्ग भएर भारतको दिल्ली हुँदै पाकिस्तानको कराँचीसम्म पुग्नेछ । तीन वर्षमा निर्माण सम्पन्न गर्ने योजनाका साथ एशियाली विकास बैंकको आर्थिक सहयोगमा विसं २०८० माघ १९ गतेदेखि सडक निर्माण काम सुरू भएको हो ।

यो आयोजना निर्माणमा ३० करोड अमेरिकी डलर लाग्ने अनुमान गरिएको छ । तीन वर्गमा निर्माण हुने उक्त सडक बजार क्षेत्र, जङ्गल क्षेत्र र ग्रामीण क्षेत्र भनेर छुट्याइएको छ । बजार क्षेत्रमा ५० मिटर, जङ्गल क्षेत्रमा २४ मिटर र ग्रामीण क्षेत्रमा ३३ मिटर चौडाइको सडक निर्माण हुनेछ । रासस

# ४५ वर्षदेखि भाँडा साट्ने र बिक्री गर्ने तामाङको व्यापार



**म्याग्दी ।**
सिन्धुपाल्चोकका ६० वर्षीय फूलबहादुर तामाङ विसं २०३७ देखि भाँडाको भारी बोकेर म्याग्दीका गाउँमा पुगी पुराना भाँडासँग साट्ने तथा बिक्री गर्ने काम गर्दै आएका छन् । सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिका–८ का फूलबहादुरसहित अन्य तीन जना व्यापारीले भाँडा बिक्री गर्न ४५ वर्षदेखि घुमन्ते जीवन बिताइ रहेका छन् ।

धादिङका चेतबहादुर विक र विसु गुरुङ पनि तामाङसँगै पिँठ्यूमा डोकाभरि भाँडा बोकेर बिक्री गर्न म्याग्दीको सदरमुकाम बेनीसहित यहाँका छ वटै स्थानीय तह सबै बस्तीमा पुग्ने गरेका विसु गुरुङले बताए । उनीहरूले पर्वतको अर्मादीमा भाँडाभण्डारण गरेर राखेका छन् ।

गाउँमा तीन छोरा र श्रीमती भएका तामाङलाई आफ्ना पुर्खाले कहिलेदेखि घुमन्ते व्यापार गर्न थालेका हुन् भन्ने यकिन छैन । तर, पनि बाबुबाजेको पालादेखि यही पेसा गर्ने गरेकाले आफूले पनि निरन्तरता दिएको फूलबहादुरले बताए । पहिलो पटक १४ वर्षको उमेरमा बाबासँग भाँडा बोकेर व्यापारमा निस्केका तामाङ अहिलेसम्म पनि त्यही पेसामै छन् ।

गुरुङ मङ्सिरको अन्तिम साता धादिङबाट पर्वतको अर्मादी आएका थिए । आफ्नो समूहले चैतको पहिलो सातासम्म यही क्षेत्रमा व्यापार गरेपछि पुनःगाउँ फर्केर अर्को ठाउँमा व्यापारका लागि हिँड्ने योजना बनाउने गरेको उनले जानकारी दिए ।

डोकोमा नयाँ भाडा ल्याएर गाउँमा गएर कोही बेच्ने कोही साट्ने गर्ने सिन्धुपाल्चोकका व्यापारीको पुस्तेनी काम हो । ‘आफ्नो नयाँ सामान र ग्राहकसँगको पुरानो सामानको पनि मूल्य निर्धारण गर्छौं र बराबर मूल्य परेमा पुरानो लिएर नयाँ सामान दिन्छौँ । यदि मूल्य नयाँको कम परेमा आफूहरूले दिने र पुरानोको कम भएमा ग्राहकसँग रकम लिएर साट्ने गरिन्छ’, उनले भने ।

गुरुङले व्यापार पहिला जस्तो नभएकाले आम्दानी पनि घटेको बताए । वर्षमा एकपटक पर्वत, बागलुङ, म्याग्दीलगायत क्षेत्रमा व्यापारका लागि आउने जनाउँदै उनले सबै खर्च कटाएर मासिक रु २० देखि २५ हजारसम्म जोगिने गरेको उल्लेख गरे ।

आधुनिक प्रविधिको विकाससँगै मानिस छिटो र भरपर्दो सेवाको प्रयोगमा लाग्छन् । आफ्ना आवश्यकता परिपूर्ति गर्ने आधुनिक स्रोतसाधनको प्रयोग बढेको छ । सडक यातायातको विकासले गाउँघरमै सुविधा पाएपछि ग्रामीण क्षेत्रका स्थानीय बासिन्दा आफैँ बजार झरेर नयाँ भाँडा किन्ने गर्छन् ।

केही वर्षअघिसम्म पुराना भाँडा सबैका घरघरमा देखिन्थे । भाँडा साटफेर गर्नेहरु गाउँगाउँमा भाँडा साट्दै हिँड्ने गर्दथे । आजभोलि गाउँघरतिर डोकोमा भाँडो बोकेर हिँडेको बिरलै भेटिन्छन् । रासस

# भारत–युरोप व्यापार सहमति ऐतिहासिक



**नयाँदिल्ली ।**
भारत र युरोपेली सङ्घ (इयु) बीच करिब दुई दशकदेखि चल्दै आएको वार्तापछि अन्ततः एक विशाल र बहुप्रतीक्षित व्यापार सम्झौता सफलतापूर्वक सम्पन्न भएको छ ।

मङ्गलबार नयाँदिल्लीमा भएको उच्चस्तरीय भेटमा दुवै पक्षका नेताहरूले यस सम्झौतालाई औपचारिक रूप दिने तयारी गर्दै यसलाई ‘सबै सम्झौताको जननी’ भनेर व्याख्या गरेका छन् ।

युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयन र युरोपेली परिषद्का अध्यक्ष एन्टोनियो कोस्टाले मङ्गलबार बिहान भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गरेका छन् । प्रधानमन्त्री मोदीले सोमबार सम्पन्न भएको यो सम्झौताले विश्वका दुई प्रमुख अर्थतन्त्र संयुक्त राज्य अमेरिका र चीनबाट सिर्जित चुनौतीहरूको सामना गर्न भारत र इयु दुवैलाई सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् ।

‘विश्वभरका मानिसहरूले यस सम्झौतालाई सबै सम्झौताको आमाका रूपमा हेरिरहेका छन्’, प्रधानमन्त्री मोदीले नयाँदिल्लीमा आयोजित भेटअघि भनेका थिए । उनका अनुसार यो सम्झौताले भारतका करिब एक अर्ब ४० करोड नागरिक र इयुका लाखौँ जनताका लागि नयाँ सम्भावना र अवसरहरू खोल्नेछ । प्रधानमन्त्रीले यो सम्झौताले विश्वव्यापी कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को करिब २५ प्रतिशत र विश्व व्यापारको करिब एक तिहाइ हिस्सा प्रतिनिधित्व गर्ने तथ्य पनि उल्लेख गरेका थिए ।

सोमबार भारतको गणतन्त्र दिवस परेडमा प्रमुख अतिथिका रूपमा सहभागी भएका इयुका नेताहरू मङ्गलबार बिहान प्रधानमन्त्री मोदीसँग औपचारिक छलफलमा बसेका थिए । इयुले विश्वकै सबैभन्दा बढी जनसंख्या भएको राष्ट्र भारतलाई भविष्यका लागि अत्यन्तै महत्वपूर्ण र रणनीतिक बजारका रूपमा लिएको छ ।

त्यसैगरी, नयाँदिल्लीले इयुलाई आफ्नो तीव्र गतिमा बढ्दै गएको पूर्वाधार विकास, प्रविधि हस्तान्तरण तथा लाखौँ नयाँ रोजगारी सिर्जना गर्न आवश्यक लगानीको प्रमुख स्रोतका रूपमा हेरेको छ । दुवै पक्षबीचको आपसी निर्भरता र विश्वासलाई यो सम्झौताले अझ बलियो बनाउने अपेक्षा गरिएको छ ।

सन् २०२४ मा भारत र इयुबीच सामानको द्विपक्षीय व्यापार एक खर्ब २० अर्ब युरो (करिब एक खर्ब ३९ अर्ब अमेरिकी डलर) पुगेको इयुको तथ्याङ्कले देखाउँछ । यो पछिल्लो एक दशकमा झण्डै ९० प्रतिशतले वृद्धि भएको हो । यसका अतिरिक्त, सेवाहरूको व्यापारमा करिब ६० अर्ब युरो (६९ अर्ब डलर) थप कारोबार भएको छ ।

सम्झौता अनुसार भारतले कपडा, औषधि लगायतका क्षेत्रका उत्पादनहरूलाई युरोपेली बजारमा सहज पहुँच दिलाउने सर्तमा कार, वाइन जस्ता प्रमुख युरोपेली उत्पादनहरूका लागि आफ्नो बजार अझ खुला गर्ने अपेक्षा गरिएको छ । अध्यक्ष भोन डेर लेयनले इयुले परम्परागत रूपमा संरक्षण गरिएको भारतीय बजारमा अहिलेसम्मकै उच्च स्तरको पहुँच पाउने बताउँदै भारततर्फको युरोपेली निर्यात दोब्बर हुने आशा व्यक्त गरिन् ।

उनका अनुसार यो सम्झौताबाट इयुले प्रमुख औद्योगिक तथा कृषि वस्तु क्षेत्रमा उल्लेखनीय प्रतिस्पर्धात्मक लाभ प्राप्त गर्नेछ । भारतका लागि भने कपडा, रत्न तथा गहना, छालाजन्य वस्तु, साथै सेवा क्षेत्रजस्ता महत्वपूर्ण उद्योगहरूलाई ठूलो प्रोत्साहन मिल्ने प्रधानमन्त्री मोदीले स्पष्ट पारेका छन् ।

इयुको पक्षबाट भारतमा अटोमोबाइल, वाइन तथा खाद्य सामग्रीको निर्यातमा लाग्ने कर घट्ने अपेक्षा गरिएको छ । यद्यपि, वार्तासँग परिचित स्रोतहरूका अनुसार स्टिलमा लागू हुने इयुको कार्बन सीमा करजस्ता केही जटिल विषयमा अन्तिम क्षणसम्म गहन छलफल भएको थियो ।

ब्रसेल्स र नयाँदिल्ली दुवैले अमेरिकी कर नीति र चिनियाँ निर्यात नियन्त्रणको दबाबबीच नयाँ र भरोसायोग्य बजार खोजिरहेका बेला यो सम्झौता सम्पन्न भएको हो । यससँगै मौसमी कामदार, विद्यार्थी, शोधकर्ता तथा उच्च दक्ष पेशेवरहरूको आवागमन सहज बनाउने अलग सम्झौता र सुरक्षा तथा रक्षा सहकार्यसम्बन्धी समझदारी पनि हुने अपेक्षा गरिएको छ ।

‘भारत र युरोपले स्पष्ट छनोट गरेका छन्, रणनीतिक साझेदारी, संवाद र खुलापनको छनौट’, अध्यक्ष भोन डेर लेयनले सामाजिक सञ्जालमा लेखेकी छिन्, ‘हामी विभाजित हुँदै गएको संसारलाई देखाउँदै छौँ कि सहकार्यको अर्को बाटो पनि सम्भव छ ।’

अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार भारत यसै वर्ष विश्वको चौथो ठूलो अर्थतन्त्र बन्ने दिशामा अघि बढिरहेको छ । दशकौँसम्म प्रमुख सैन्य उपकरणका लागि मस्कोमा निर्भर रहँदै आएको भारतले हालका वर्षहरूमा आयात विविधीकरण र स्वदेशी उत्पादन बढाउँदै रुसमाथिको निर्भरता घटाउने प्रयास गरिरहेको छ । इयुले पनि संयुक्त राज्य अमेरिकासँगको निर्भरतामा यस्तै प्रकारको सन्तुलन खोजिरहेको सन्दर्भमा यो सम्झौता दुवै पक्षका लागि रणनीतिक रूपमा अत्यन्त महत्वपूर्ण मानिएको छ । रासस

# कालिज पालेर मासिक एक लाख बढी आम्दानी



**चितवन ।**
संयुक्त अरब इमिरेट्स (साउदी) मा ११ वर्ष काम गरेर फर्केका गैँडाकोटका एक युवाले घरमै कालिजपालन गरेर मासिक रु एक लाख बढी आम्दानी गर्दै आएका छन् । गैँडाकोट नगरपालिका–६ का प्रेमप्रसाद सापकोटाले साउदीबाट फर्किएपछि कालिजपालन सुरु गरेका हुन् । छ वर्षअघि नेपाल फर्किएर करिब एक कट्ठा जमिनमा उनले कालीजपालन सुरु गरेका थिए । रु १३ लाख लागतमा उनले सो व्यवसाथ सुरु गरेका थिए ।

सुरुमा प्रतिगोटा रु दुई हजारमा अण्डा किनेर आफ्नै मेसिनबाट कोरलेर पालन गरेका सापकोटाले हाल आफैँ चल्ला बिक्री गर्ने गरेका छन् । एउटा चल्ला रु २०० मा बिक्री हुने गरेको छभने वार्षिक करिब १० हजार चल्ला बिक्री हुने गरेको उनले बताए ।

पूर्वको झापादेखि पश्चिमको धनगढीसम्म चल्ला बिक्री हुने गरेको छ । पालिएका माउ कालिज प्रतिगोटा रु दुई हजारदेखि तीन हजारसम्ममा बिक्री हुन्छन् । मासुका लागि पनि उनको फार्मबाट कालिज बिक्री हुने गर्दछ । खानाका सौखिनहरूले फार्ममै आएर कालिज लैजाने गर्दछन् । वार्षिक ५०० भन्दा बढी कालिज मासुका लागि बिक्री हुने गरेको छ । चल्ला र माउ बिक्रीबाट राम्रो आम्दानी हुने गरेको छ । घरकै उत्पादन गहुँ, मकै, घाँस र थोरै किनिएको दाना कालिजलाई खुवाउने गरिएको छ । सापकोटा बिहान–बेलुका कालिजलाई खाना दिन्छन् भने दिउँसो अन्य काममा लाग्ने गरेका छन् । घर परिवारले व्यवसायमा सहयोग गर्दै आएका छन् । सापकोटाले भने, ‘साउदीमा जति कमाई गरेँ, गाउँमै कालिजपालनबाट हुने आम्दानी त्यसभन्दा राम्रो छ । यसले मलाई छुट्टै काम गर्ने अवसर पनि दिएको छ, र मेहनत गरे विदेशमा भन्दा बढी लाभ देशमै लिन सकिन्छ ।’ रासस

# इरानमा प्रदर्शन दमन भयावहः ६ हजारभन्दा बढीको मृत्यु, हजारौँ अझै बेपत्ता



**इरान ।**
इरानमा राष्ट्रव्यापी रूपमा भएका सरकारविरोधी प्रदर्शनमाथि गरिएको दमनका क्रममा कम्तीमा ६ हजार १२६ जनाको ज्यान गएको अधिकारकर्मी संस्थाहरूले बताएका छन् । अझै पनि धेरै मानिस बेपत्ता रहेको आशङ्का गरिएको छ ।

अमेरिकामा आधारित मानव अधिकार कार्यकर्ता समाचार एजेन्सीले मङ्गलबार सार्वजनिक गरेको विवरणअनुसार मृतकमध्ये कम्तीमा ५ हजार ७७७ जना प्रदर्शनकारी, २१४ जना सरकारसमर्थित सुरक्षाकर्मी, ८६ जना बालबालिका तथा प्रदर्शनमा सहभागी नभएका ४९ जना सर्वसाधारण रहेका छन् । साथै, ४१ हजार ८ सयभन्दा बढी मानिसलाई पक्राउ गरिएको जनाइएको छ । इरानका अधिकारीहरूले इन्टरनेट सेवा बन्द गर्नुका साथै सञ्चारमा अवरोध गरेकाले स्वतन्त्र रूपमा मृतकको संख्या पुष्टि गर्न कठिन भएको एसोसिएटेड प्रेसले जनाएको छ ।

यसैबीच, इरान सरकारले भने मृत्यु हुनेको संख्या ३ हजार ११७ रहेको दाबी गर्दै अधिकांश नागरिक र सुरक्षाकर्मी भएको जनाएको छ भने बाँकीलाई ‘आतङ्ककारी’को संज्ञा दिएको छ । यसअघि पनि इरानी सरकारले आन्दोलनका क्रममा भएको क्षतिको यथार्थ विवरण सार्वजनिक नगरेको आलोचना हुँदै आएको छ । यी प्रदर्शनहरू गत डिसेम्बर १३ गतेदेखि सुरु भएका हुन् । इरानी मुद्राको तीव्र अवमूल्यनपछि सुरु भएको आन्दोलन देशभर फैलिएको थियो । प्रदर्शनलाई नियन्त्रण गर्न सरकारले कडा दमन गरेपछि अवस्था झन् तनावपूर्ण बनेको छ । दुई साताभन्दा बढी समयसम्म इन्टरनेट पूर्ण रूपमा बन्द गरिएको छ, जुन इरानको इतिहासकै सबैभन्दा व्यापक अवरोध मानिएको छ ।

यसबीच, अमेरिकाले मध्यपूर्व क्षेत्रमा सैनिक गतिविधि बढाएको छ । अमेरिकी विमानवाहक युद्धपोत समूह उक्त क्षेत्रमा पुगेको छ, जसलाई इरानविरुद्ध सम्भावित सैन्य कारबाहीका लागि तयारीका रूपमा हेरिएको छ । यद्यपि खाडी क्षेत्रका केही अरब राष्ट्रहरूले आफूहरू कुनै पनि आक्रमणमा सहभागी नहुने संकेत दिएका छन् ।

इरानले अमेरिकाको धम्कीले क्षेत्रीय तनाव बढाएको आरोप लगाएको भनेको छ । संयुक्त राष्ट्रसङ्घमा इरानका प्रतिनिधिले अमेरिकाले हिंसा भड्काएको दाबी गरे पनि त्यसको ठोस प्रमाण भने प्रस्तुत गरिएको छैन । यी घटनाले इरानमा दशकौँयताकै सबैभन्दा ठूलो मानवीय संकट उत्पन्न गरेको विश्लेषकहरूको भनाइ छ । सन् १९७९ को इस्लामिक क्रान्तिपछिको अवस्थासँग तुलना गर्न थालिएको छ । रासस

# एलाइट कप क्रिकेट प्रतियोगिता बुधबारदेखि

**मोरङ ।**
प्रथम ‘एलाइट’ कप क्रिकेट प्रतियोगिता विराटनगरमा हुने भएको छ । कोशी प्रादेशिक क्रिकेट सङ्घ र नेपाल क्रिकेट फाउन्डेसनको संयुक्त आयोजनामा यही माघ १४ देखि १७ सम्म विराटनगर–६ स्थित मरिलेबन क्रकेट खेलमैदान उक्त प्रतियोगिता हुने भएको छ ।

प्रतियोगितामा झापा, मोरङ र सुनसरीको टिमको सहभागिता रहने आयोजकले जानकारी दिएको छ । प्रतियोगिताअन्तर्गत माघ १४ गते मोरङ र सुनसरी, १५ गते झापा र मोरङ, १६ गते सुनसरी र झापाबीच खेल हुनेछ भने माघ १७ गते प्रतियोगिताको फाइनल खेल हुने कोशी प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सर्वजित अध्यक्ष पाण्डेले पत्रकार सम्मेलन मार्फत जानकारी दिए ।

उक्त प्रतियोगितामा प्रधानमन्त्री कप क्रिकेटमा कोशी प्रदेशबाट उत्कृष्ट भएका तीन समूहको सहभागिता रहने पाण्डेले बताए ।

आगामी दिनमा क्यानको वार्षिक क्यालेण्डरमा एलाइट कप प्रतियोगितालाई समेट्नका लागि पहल गरिने उनले बताए । प्रतियोगिताले कोशी प्रदेशमा क्रिकेटको खस्किएको शाखलाई फर्काउनका लागि प्रयास हुनेछ ।

पत्रकार सम्मेलनमा मोरङ अध्यक्ष मो सादबाबु, सुनसरी क्रिकेट सङ्घका अध्यक्ष चेतनाथ पौडेलले एलाइट कपको आयोजना हुने गौरवका विषयमा भएको यसलाई दीर्घकालीनसम्म लैजानुपर्नेमा जोड दिए । यसैबीच, क्रिकेट खेलको प्रवद्र्धनका लागि कोशी प्रादेशिक क्रिकेट सङ्घ र नेपाल क्रिकेट फाउन्डेनबीच भएको सम्झौताले भुइँतहको क्रिकेट विकासमा सहयोग पुग्ने फाउन्डेनका निर्देशक अभिषेक श्रेष्ठले बताए । रासस

# नौ क्षेत्रमा निर्वाचनको जिम्मा महिला निर्वाचन अधिकृतलाई

**मधु शाही**
**काठमाडौँ ।**
आगामी फागुन २१ गतेका लागि निर्धारित प्रतिनिधिसभा सदस्यको निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको छ । निर्वाचन घोषणा भएयता निर्वाचन हुने वा नहुने आशंकाका बीचबाट सुरु भएको निर्वाचनको तयारी अहिले सुनिश्चिततातर्फ अघि बढेको छ । निर्वाचन गराउने कार्यादेश पाएको सरकारले यसलाई प्रमुख प्राथमिकताका साथ अगाडि बढाएको छ । जसका कारण अहिले मुलुक निर्वाचनमय बनेको छ । त्यसबाट संघीय राजधानी काठमाडौँ अछुतो रहने कुरै भएन ।



काठमाडौँ सबैभन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्ला हो । यहाँ १० वटा निर्वाचन क्षेत्र छन् । प्रत्येक निर्वाचनमा काठमाडौँका १० वटै निर्वाचन क्षेत्रको चर्चा विशेष रहन्छ । यसपटक पनि राजनीतिक दलहरु यी निर्वाचन क्षेत्रमा आफ्नो बलियो उपस्थिति कायम गर्न हरसम्भवले प्रयास गरिरहेका छन् । अझ जेनजी आन्दोलनका कारण हुन लागेको निर्वाचनले अझ विशेष बनेको छ । त्यसको जिम्मेवारी सरकारले महिला निर्वाचन अधिकृतको काँधमा सुम्पेको छ ।

काठमाडौँ निर्वाचन क्षेत्र नं ३ की निर्वाचन अधिकृत चमिला भट्टराईले यसलाई सकारात्मक रुपमा लिनुपर्ने बताउँछिन् । 'काठमाडौँ सबैभन्दा ठूलो निर्वाचन क्षेत्र भएको जिल्ला हो । यहाँका अधिकांश स्थानको जिम्मेवारी सरकारले महिलालाई सुम्पेको छ, जुन विश्वास र भरोसाले जिम्मेवारी पाएका छौँ, हामीले इमानदारिताका साथ निभाएका छौँ', उनले भने ।

महालेखा नियन्त्रक कार्यालयका निर्देशक भट्टराई महिलाले अवसर पाउने हो भने जिम्मेवारीपूर्वक कर्तव्य पालना गर्ने बताउँछिन् । खासगरी बोलीमा मिठास र भावपूर्ण व्यवहार प्रस्तुत गर्नु महिला नेतृत्वको मौलिक गुण हो भन्ने भट्टराईको धारणा छ । यसअघि स्थानीय तहको निर्वाचनमा मुख्य जिम्मेवारी लिएको अनुभव बटुलेकी उनले महिला नेतृत्वप्रति अरूले गर्ने व्यवहार पनि सभ्य र शालीन हुने गरेको बताइन् । उनी भन्छिन्, 'रिसै उठेर आउनेहरु पनि महिलाका अगाडि आएपछि शान्त भइदिनुहुन्छ, स्थानीय निर्वाचनले मलाई अझ बढी परिपक्व बनाएको छ ।'

महान्यायधिवक्ताको कार्यालयका उपन्यायाधिवक्ता शान्ति न्यौपानेले काठमाडौँ क्षेत्र नं २ को निर्वाचन अधिकृतको भूमिका निर्वाह गरेकी छिन् । आफूले लिएको जिम्मेवारी पूरा गर्ने मात्रै होइन, अत्यन्त सभ्य र शान्त वातावरणमा निर्वाचन सम्पन्न गर्नुपर्ने मुख्य जिम्मेवारीमा उनी सचेत छिन् । परिवारको दायित्व निभाउनुका साथै अवसर पाउँदा कार्यालयले दिने हरेक कार्य कुशलताका साथ आफूले काम गर्दै आएको उनको भनाइ छ ।

निर्वाचन आयोगका अनुसार उच्च सरकारी वकिल कार्यालय पाटनका उपन्यायाधिवक्ता कृष्णा भण्डारी काठमाडौँ–४ मा र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव श्रद्धा रिजाल काठमाडौँ–५ मा मुख्य निर्वाचन अधिकृत छन् । साथै उच्च सरकारी वकिल कार्यालय, पाटनका उपन्यायाधिवक्ता चपला पोखरेलले काठमाडौँ–६ मा, आन्तरिक राजस्व विभागका उपन्यायधिवक्ता सविता शर्मा काठमाडौँ–७ मा, रक्षा मन्त्रालयका उपसचिव सम्झना खनाल काठमाडौँ–८ मा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव मेनुका घिमिरेमा काठमाडौँ–९ र सर्वोच्च अदालतका उपरजिस्ट्रार अमृता कुमारी शर्मामा काठमाडौँ,–१० को मुख्य निर्वाचन अधिकृतका रुपमा काम गरिरहेका छन् ।

त्यस्तै, काठमाडौँभन्दा बाहिर पर्सा–४ मा नुतन झा, सिन्धुली–१ मा निमा घिमिरे, नवलपरासी (बर्दघाट)–२ मा सर्वोच्च अदालतका उपरजिस्ट्रार सीता अधिकारी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव इन्दुदेवी न्यौपाने, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)–१, कास्की–१ मा सर्वोच्च अदालतका इजलास अधिकृत सीता रेग्मीले मुख्य निर्वाचन अधिकृतको भूमिका निर्वाह गरेकी छिन् ।

साथै मकवानपुर–१ मा जिल्ला अदालत मकवानपुरका न्यायाधीश गीता श्रेष्ठ, सिन्धुपाल्चोक–२ मा जिल्ला न्यायाधीश रीताकुमारी बखेल र बागलुङ–१ मा जिल्ला न्यायाधीश सीता शर्मा अधिकारी, भक्तपुर–२ मा राधिका सुवाल, ललितपुर–१ मा इशा सुवेदी र ललितपुर २ मा सर्वोच्च अदालतका इजलास अधिकृत सम्झना सिम्खडा पुडासैनी मुख्य निर्वाचन अधिकृत छिन् । रासस

# संवैधानिक तथा न्यायिक पत्रकार मञ्चमा खड्का




**काठमाडौँ ।**
संवैधानिक तथा न्यायिक पत्रकार मञ्चको सम्पन्न साधारणसभाले राष्ट्रिय समाचार समिति (रासस) का समाचारदाता कालिका खड्काको अध्यक्षतामा नौ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । नेपाल बार एसोसियसनको सभाहलमा मंगलबार भएको साधारणसभाले सर्वसम्मतरूपमा खड्कालाई पुनः अध्यक्षमा निर्वाचित गरेको हो ।

कार्यसमितिको उपाध्यक्षमा भाषा शर्मा (नेपाल न्यूज), महासचिवमा निराजन पौडेल (रातोपाटी) र कोषाध्यक्षमा शिल्पा कर्ण (नयाँ पत्रिका) तथा सदस्यहरूमा अर्जुन श्रेष्ठ (रेडियो नेपाल), सविन धमला (नान), मदन ढुङ्गाना (लोकपथ), दिनेश गौतम (अन्नपूर्ण) र किरण पौडेल (कान्तिपुर टिभी) चयन भएका हुन् । सभाले महासचिवको साङ्गठनिक र कोषाध्यक्षको आर्थिक प्रतिवेदन छलफलसहित पारित गरेको थियो । साधारणसभाको उद्घाटनसत्रमा मञ्चका अग्रज कृष्णमुरारी भण्डारीले अदालतबाट हुने आदेश र फैसलालाई गहनरूपमा अध्ययन गरेर कमीकमजोरी भएमा सुझावसहित कानुन पत्रकारहरूले समाचार सम्प्रेषण गर्नुपर्ने बताए । मञ्चका पूर्व अध्यक्ष यम विरहीले न्यायालय एक प्रकारले शिथिल भएको अवस्थामा सञ्चारमाध्यमले संवेदनशील भएर काम गर्नुपर्ने बताए । 'जस नेपाल' अनलाइनका प्रधानसम्पादक अरुण बरालले मञ्चले अदालती रिपोर्टिङका साथै अर्धन्यायिक निकाय र स्थानीय न्यायिक समितिसम्म रिपोर्टिङ गर्न सक्नुपर्नेमा जोड दिए । संवैधानिक र कानुनी विषयमा विभिन्न सञ्चारमाध्यममा आवद्ध पत्रकारहरुको सो संस्था २०६१ सालमा विधिवत दर्ता भएको थियो । रासस

# ट्राभल एन्ड एडभेन्चर शोमा नेपालको प्रवर्द्धन




**काठमाडौँ ।**
नेपाल पर्यटन बोर्ड (एनटिबी) ले संयुक्त राज्य अमेरिकामा नेपालको पर्यटन प्रवद्र्धनलाई थप सुदृढ बनाउने उद्देश्यसहित न्युयोर्कमा आयोजित ट्राभल एन्ड एडभेन्चर शो २०२६ मा सहभागिता जनाएको छ ।

उक्त कार्यक्रम २४–२५ जनवरी २०२६ मा जेकब के जाभिट्स कन्भेन्सन सेन्टर, न्युयोर्कमा सम्पन्न भएको हो ।

नेपालका लागि अमेरिका एक महत्वपूर्ण स्रोत बजार रहँदै आएको छ । सन् २०२५ मा एक लाख १२ हजार ३१६ अमेरिकी पर्यटक नेपाल आगमन गरेसँगै अमेरिका हाल नेपालको दोस्रो ठूलो पर्यटक स्रोत बजारका रूपमा रहेको छ । यही पृष्ठभूमिमा उत्तर अमेरिकी बजारमा लक्षित निरन्तर प्रचार–प्रसार कार्यक्रमअन्तर्गत नेपाल पर्यटन बोर्डले नेपाल पर्वतारोहण एजेन्सी सङ्घ (टान) सँगको सहकार्यमा उक्त अन्तरराष्ट्रिय पर्यटन मेलामा सहभागिता जनाएको हो ।

कार्यक्रममा एसियन हेरिटेज ट्रेक्स एन्ड ट्राभल्स, एक्सप्लोर भ्याकेसन, फ्रेन्ड्स एडभेन्चर टिम ट्रेकिङ एन्ड माउन्टेनियरिङ, हिमालयन ग्लेसियर एडभेन्चर एन्ड ट्राभल कम्पनी, नेपाल भिजन ट्रेक्स एन्ड एक्सपेडिसन्स तथा टच कैलाश ट्राभल्स एन्ड टुर्स गरी छ वटा नेपाली पर्यटन कम्पनीहरूले नेपालको विविध पर्यटन आकर्षण, साहसिक यात्रा, पर्वतारोहण र ट्रेकिङ सम्भावनाबारे जानकारी प्रस्तुत गरेका थिए ।

दुईदिने कार्यक्रममा सहभागी अमेरिकी पर्यटन व्यवसायी तथा यात्रुहरूले नेपालको साहसिक पर्यटन उत्पादनप्रति विशेष चासो देखाएका थिए । विशेषगरी पर्वतारोहण र ट्रेकिङसम्बन्धी गतिविधिमा उल्लेखनीय रुचि देखिनुले नेपाललाई साहसिक पर्यटन गन्तव्यका रूपमा थप प्रवद्र्धन गर्न सहयोग पुगेको नेपाल पर्यटन बोर्डको विश्वास छ ।

साथै, यस सहभागिताले अमेरिकी पर्यटन व्यवसायीसँग पर्यटन सहकार्य विस्तार गर्नुका साथै 'डेस्टिनेसन नेपाल' को पहिचान मजबुत बनाउने उद्देश्य पूरा गर्न मद्दत पुगेको जनाइएको छ ।

कार्यक्रमको पहिलो दिन २४ जनवरीमा न्युयोर्कस्थित नेपाली महावाणिज्य दूतावासका महावाणिज्यदूत दधीराम भण्डारीले नेपालको प्याभिलियन अवलोकन गरी सहभागी कम्पनीहरूसँग अन्तक्रिरया गरेका थिए ।

सो अवसरमा विशेषगरी पूर्वी तटीय अमेरिकी राज्यहरूमा नेपाल प्रवद्र्धनका सम्भावित सहकार्य क्षेत्रहरूबारे छलफल भएको थियो । नेपाल पर्यटन बोर्डका तर्फबाट उदय भट्टराई र प्रदीप बस्नेतले उक्त कार्यक्रममा प्रतिनिधित्व गरेका थिए । रासस

# कारागार सुधारका लागि निर्देशन



**काठमाडौँ ।**
गृहमन्त्री ओमप्रकाश अर्यालले काठमाडौँमा रहेका दुई कारागार कार्यालयहरू केन्द्रीय कारागार कार्यालय जगन्नाथदेवल र कारागार कार्यालय डिल्लीबजारका साथै केन्द्रीय कारागार अस्पताल त्रिपुरेश्वरको स्थलगत निरीक्षण गरेका छन् ।

गृहसचिव, गृहमन्त्रालयको शान्ति तथा सुरक्षा महाशाखाका प्रमुख, कारागार व्यवस्थान विभागका महानिर्देशक, नेपाल प्रहरीका प्रहरी नायब महानिरीक्षक लगायत उच्च अधिकारीको टोली लिई कारागार निरीक्षणको लागि पुगेका मन्त्री अर्यालले दुई कारागार कार्यालयहरू र एक कारागार अस्पतालको निरीक्षणको क्रममा कारागारहरू र अस्पतालको वस्तुस्थितिबारे जानकारी लिई गर्नुपर्ने आवश्यक सुधारको लागि निर्देशन दिएका छन् ।

मन्त्री अर्यालले केन्द्रीय कारागार कार्यालय जगन्नाथदेवलमा रहेका केन्द्र, भद्र र महिला सुधारगृहको निरीक्षण गरि त्यहाँ राखिएका कैदीबन्दीसँग भेट गरी उनीहरूका पीरमर्का, गुनासाहरूबारे जानकारी लिएका थिए । त्यस्तै कारागार कार्यालय डिल्लीबजारका महिला र पुरुष ब्लकहरूमा पुगी त्यहाँ राखिएका बन्दीहरूसँग समेत भेटघाट गरि राज्यका तर्फबाट बन्दीहरूलाई उपलब्ध गराइएका सुविधा प्राप्तिको अवस्थाबारे चासो व्यक्त गरेका थिए ।

निरीक्षणको क्रममा सम्बन्धित कारागारका प्रशासकहरूले कारागारको क्षमता, भौतिक अवस्था बन्दीहरूको संख्यालगायतबारे मन्त्री अर्याललाई जानकारी गराएका थिए । मन्त्री अर्यालले कारागारमा रहेका वृद्ध तथा दीर्घरोगी बन्दीहरूको सम्बन्धमा चिन्ता र चासो व्यक्त गरि उनीहरूको सजाय भुक्तानका सम्बन्धमा कानुनअनुसार प्राप्त हुने राहत उपलब्ध गराइने प्रतिबद्धता व्यक्त गरे ।

मन्त्री अर्यालले कारागारहरूको निरीक्षणपश्चात् बन्दीगृहमा मानवअधिकारको प्रत्याभूतिमा कुनै सम्झौता नगर्न सम्बन्धित अधिकारीलाई निर्देशन दिएका थिए । त्यस्तै मन्त्री अर्यालले कारागार कार्यालयहरूको भौतिक पूर्वाधार सुधार तथा अत्यावश्यक सेवाको उपलब्धताको लागि मन्त्रालयको तर्फबाट पूर्ण सहयोगको प्रतिबद्धता व्यक्त गर्नु भई कारागार व्यवस्थापन विभागमार्फत कारागार कार्यालयहरूको सुधारको मार्गचित्र यथाशीघ्र मन्त्रालयमा पेस गर्न सम्बन्धित कारागार प्रशासकहरूलाई निर्देशन दिए ।

केन्द्रीय कारागार अस्पताल त्रिपुरेश्वरको निरीक्षण गरी मन्त्री अर्यालले अस्पतालमा उपचाररत बन्दीहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिई अस्पतालको सेवालाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरे । रासस

# निर्वाचन सुरक्षामा कुनै पनि कमजोरी नहोसः महानिरीक्षक



**काठमाडौँ ।**
सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन सुरक्षामा कुनै पनि कमीकमजोरी नगरी खटिन सशस्त्र प्रहरी कर्मचारीलाई निर्देशन दिएका छन् । सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा सोमबार सशस्त्र प्रहरी बल नेपालका विभिन्न कार्यालय प्रमुखको जिम्मेवारीमा खटिन लागेका अधिकृतलाई निर्देशन दिँदै उनले आमनागरिकलाई सुरक्षाको प्रत्याभूति दिलाउन प्रभावकारी रूपमा काम गर्नुपर्नेमा जोड दिए ।

महानिरीक्षक अर्यालले उच्च व्यावसायिक प्रदर्शन गर्न र चुनाव लक्षित सुरक्षा कारबाहीलाई तीव्र रूपमा कार्यान्वयन गर्दै भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्नेतर्फ ध्यान दिन निर्देशन दिए । कमजोर कमाण्ड र गल्ती गर्ने कमाण्डर माथि तत्काल कारबाही गर्ने बताउँदै उहाँले उच्च मनोबलका साथ काम गर्न सबैलाई आग्रह गरे ।

उनले कमाण्डको जिम्मेवारीमा खटिन लागेका सशस्त्र प्रहरी अधिकृतलाई पदीय जिम्मेवारीमा रही कार्यक्षेत्रमा रहँदा बदमासी गरेमा तत्कालै कारबाही गरिने उल्लेख गरे । निर्वाचन सफल बनाउन मातहत कर्मचारीलाई निर्वाचन आचारसंहिताको पूर्ण रूपमा पालना गरी परिचालित हुन पनि उनले निर्देशन दिए ।

महानिरीक्षक अर्यालले सङ्गठनले लिएको सोच र नीतिअनुसार कार्यक्षेत्रमा खटिँदा सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारी आ–आफ्नो जिम्मेवारीमा थप सक्रियताका साथ परिचालिन हुनुपर्नेमा जोड दिए । राजस्व चुहावट नियन्त्रणलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्नेतर्फ केन्द्रित हुनुपर्ने उनको भनाइ छ । उनले सशस्त्र प्रहरी बल नेपालका सम्पूर्ण इकाइहरुले आर्थिक पारदर्शीता कायम गरी भ्रष्टाचारमा शून्य सहनशिलताकासाथ

कार्यसम्पादन गर्नुपर्ने बताउँदै सीमामा खटिँदा अझ बढी सक्रिय भई गस्ती, पट्रोल तथा अप्रेशनल कामकारबाही सञ्चालन गर्न निर्देशन दिए । रासस

# युवराज सफल पक्राउ तीन दिनको म्याद थप

**काठमाडौँ ।**
युवराज सफल भनिने युवराज पौडेललाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी परिसरका प्रवक्ता, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले मंगलबार निजलाई काठमाडौँबाट पक्राउ गरिएको बताए ।

महान्यायाधिवक्ता र महान्यायाधिवक्ता कार्यालयविरुद्ध सामाजिक सञ्जालबाट तथ्यहीन आरोप लगाएको भन्ने विषयमा अनुसन्धानका लागि पौडेललाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । निजलाई मंगलबार नै अदालतमा पेस गरी अनुसन्धानका लागि तीन दिनको म्यादसमेत लिइएको प्रवक्ता भट्टराईले बताए ।

महान्यायाधिवक्ताको कार्यालयले यही माघ ८ गते नै पौडेलमाथि अनुसन्धान गरी कारबाही गर्न पत्राचार गरेका आधारमा पक्राउ गरिएको प्रहरीले जनाएको छ । पौडेलविरुद्ध विद्युतीय अपराधको कसुरमा अनुसन्धान सुरु भएको छ । रासस

# नौ जिल्ला डढेलोको उच्च जोखिममा

**काठमाडौँ ।**
देशका विभिन्न नौ जिल्ला वन डढेलोको उच्च जोखिममा रहेका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार अघिल्लो वर्षको विवरणका आधारमा बाँके, बर्दिया, चितवन, दाङ, कैलाली, कञ्चनपुर, पर्सा, सल्यान र सुर्खेत वन डढेलोको उच्च जोखिममा रहेका हुन् ।

यस्तै, अछाम, अर्घाखाँची, बारा, डडेल्धुरा, डोटी, गोरखा, जाजरकोट, कपिलवस्तु, मकवानपुर, नवलपुर, प्युठान, सिन्धुली र उदयपुर भने मध्यम जोखिममा छन् । प्राधिकरणले वन डढेलो पूर्वानुमान, निगरानी तथा चेतावनीलाई प्रभावकारी बनाउने, पूर्वतयारी र वन व्यवस्थापनका उपायलाई अवलम्बन गरी वन डढेलोको जोखिम कम गर्ने कार्ययोजना तय गरेको छ ।

सङ्घ, प्रदेश, तथा स्थानीय तहका जिम्मेवार निकाय तथा सरोकार भएकाहरूका बीचमा समन्वय गरी डढेलो नियन्त्रणका प्रयासलाई थप प्रभावकारी र परिणाममुखी बनाउने प्राधिकरणले कार्ययोजना तय गरेको छ । वन डढेलो नियन्त्रण गरी जनधन तथा पर्यावरणीय स्रोतको हानिनोक्सानी न्यूनीकरण गर्नु कार्ययोजना तय गरिएको छ ।

जनचेतना अभिवृद्धि तथा नियमनलाई प्रभावकारी बनाई वन डढेलोको जोखिमबारेको बुझाइलाई स्पष्ट पार्ने रणनीति तय गरिएको छ । वन डढेलोको आँकलन, वन क्षेत्र एवं वनजन्य इन्धन व्यवस्थापन गरी आगलागीको जोखिम न्यूनीकरण गरिनेछ । मौसम पूर्वानुमान एवं पूर्वसूचनालाई सुदृढ र सबल बनाई वन डढेलोजन्य विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउने रणनीति तय गरिएको छ ।

प्रविधिको प्रयोग एवं मानवसंशाधन परिचालनमार्फत आगलागी जोखिम क्षेत्रको निगरानी, अनुगमन, पहिचान तथा पूर्वचेतावनीलाई प्रभावकारी प्रभावकारी बनाउने, सरोकारवाला निकाबीच समन्वय, सञ्चार कायम गर्दै सचेतनामूलक अभियान, तालिम र कृत्रिम अभ्यासमार्फत पूर्वतयारी तथा डढेलो नियन्त्रण कार्यलाई सुदृढ तुल्याउने रणनीति प्राधिकरणले तय गरेको छ । रासस



# मधेशको 'नेता' होइन 'बेटा' बनेर स्थापित हुन चाहन्छु

*गगन थापा*
*सभापति, नेपाली कांग्रेस*
*उम्मेदवार, सर्लाही–४*

## सर्लाही–४, भूगोल, उम्मेदवार र मतदाता

सर्लाहीको निर्वाचन क्षेत्र नं. ४ बाट २०७९ को निर्वाचनमा स्वतन्त्र उम्मेदवारका रूपमा अमरेश कुमार सिंह निर्वाचित भएका थिए । नेपाली कांग्रेस र तत्कालीन माओवादी केन्द्रको गठबन्धनका बाबजुद यो क्षेत्रमा कांग्रेस पराजित भएको थियो । यद्यपि, आसन्न निर्वाचनमा यसै क्षेत्रबाट नेपाली कांग्रेसका सभापति गगनकुमार थापा उम्मेदवार बनेका छन् । सर्लाही–४ मा एमालेबाट अमनिश कुमार यादव, नेपाली कम्युनिस्ट पार्टीबाट रजनीश राय उम्मेदवार छन् । अमरेशकुमार सिंहले यो पटक राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवारी दिएका छन् । यहाँ जसपा नेपालबाट रामेश्वर राय यादव, जनमत पार्टीबाट राकेश कुमार मिश्र, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट रामचरित्र सहनी, उज्यालो नेपाल पार्टीबाट पीताम्बर कुशवाहालगायत उम्मेदवार छन् । जिल्लाको दक्षिणपश्चिम भागमा पर्ने सर्लाही–४ मा मधेशी मूलका मतदाताको बहुमत छ । यहाँ कुल एक लाख २१ हजार १२ मतदाता छन् । जसमा सब भन्दा ठूलो नगरपालिका बरहथवा पनि यसै क्षेत्रमा छ । बरहथवा नगरपालिकाका १, २, ३, ४, १३, १४, १५ गरी सात वटा वडा, गोडैटा नगरपालिकाको १ देखि १२ सम्मका वडा, धनकौल गाउँपालिकाका १ देखि ७ नम्बरसम्मका वडा, बलरा नगरपालिकाका १ देखि ११ नम्बर वडासम्म, बसबरीया गाउँपालिकाका १ देखि ३ नम्बरसम्मका वडा, रामनगर गाउँपालिकाका १ देखि ७ नम्बरसम्मका वडा र विष्णु गाउँपालिकाका १ देखि ४ नम्बरसम्मका वडा पर्दछन् ।

*सर्लाही निर्वाचन क्षेत्र नं ४ बाट उम्मेदवारी दर्ता गराएपछि नेपाली कांग्रेसका सभापति गगन थापा सोमबार सर्लाही आएका छन् । बाराको सिमरा विमानस्थलमा ओर्लेपछि ठाउँठाउँमा समर्थक र पार्टीका कार्यकर्ताले थापालाई फूलमाला लगाएर स्वागत गरे । थापाले यहाँका जनताको मायाले आफूलाई उत्साहित बनाएको बताएका छन् । यहाँको भाषा, रहनसहन, भेषभूषा, संस्कार, संस्कृति सबै सिक्ने उनले बताए । मधेशको नेता होइन बेटा बनेर सेवा गर्ने दाबी गरेका छन् । थापाको उम्मेदवारी सर्लाही क्षेत्र नम्बर ४ भएपछि प्रतिस्पर्धा अरु रोचक हुने देखिएको छ । मधेशदृष्टिका लागि बखतियार अलिले थापासँग गरेको कुराकानीः*

**तपाईंले मधेश र सर्लाही–४ नम्बर क्षेत्रबाट चुनाव लड्ने निर्णय किन लिनु भयो ?**
सर्लाहीबाट चुनाव लड्ने निर्णय आकस्मिक नभई धेरै सोचविचारपछि लिएको हुँ । मधेशलाई नजिकबाट बुझ्ने, अध्ययन गर्ने र आगामी दिनमा यहाँका मुद्दामाथि प्रभावकारी रूपमा बहस तथा पैरवी गर्न सहज हुने उद्देश्यले भित्री मधेश क्षेत्रबाट उम्मेदवारी दिएको हुँ । सर्लाहीको पार्टी संरचनाबाट पटकपटक उम्मेदवारका रूपमा अघि बढ्न आग्रह भएको थियो । पार्टीको स्थानीय तहबाट आएको सुझाव र मागलाई समेत ध्यानमा राख्दै मधेशबाट निर्वाचनमा सहभागी हुने निर्णय गरेको हुँ ।

**मधेशी जनताको अपेक्षा र समस्याबारे जानकार हुनुहुन्छ ?**
मधेशी जनताको अपेक्षा र यहाँको समस्या, सरोकार, आवश्यकता र चुनौतीलाई राष्ट्रिय तहमा थप व्यवस्थित र तथ्यपरक रूपमा उठाउने वाचा गर्दछु । मधेशमा सब थोक छ, यद्यपि यहाँको जुन हिसाबले विकास हुनुपर्ने थियो, त्यो हुन सकेन । त्यसैले यहाँका जनताको अपेक्षा र समस्या बुझेर समाधानको पहल गर्नेछु ।

**काठमाडौँ चैँ किन छाडनु भयो ?**
मैले आफ्नो क्षेत्र काठमाडौँबाट परिवारको जस्तो माया पाएँ । मैले जीवनको महत्त्वपूर्ण क्षण यहीँ बिताएको छु । यसपटक पनि धेरै साथीले यो क्षेत्र नछोड्न आग्रह गर्नुभएको थियो । नेपाली कांग्रेसजस्तो राष्ट्रिय पार्टीको सभापतिको नाताले मलाई मधेशसँगको सम्बन्ध अझै गाढा बनाउनुपर्छ जस्तो लागेर म सर्लाहीमा उम्मेदवार बनेँ । पहाडमा मेरो परिवार छ, काठमाडौँमा हुर्किएको म सिंगो देशको हुन एकपटक मधेशको माटो राम्रोसँग बुझ्नैपर्छ, टेक्नैपर्छ, त्यहाँको आशीवार्द लिनैपर्छ भन्ने सोच राखेर यो निर्णय गरेर आफनो निर्वाचन क्षेत्र छाडेर सर्लाही आएको छु । मेरो यो निर्णयप्रति सबैकोको साथ र समर्थन रहनेछ भन्ने अपेक्षा गरेको छु । निरन्तर तीनपटक (२०७०–२०७४–२०७९) जित्दै आएको काठमाडौँ–४ छाडेर सर्लाही झरेका गगनमाथि चुनौती बढ्ने छ भनेर साथीहरुले बताए पनि सर्लाहीका जनतामाथि पूर्ण भरोसा छ ।

**चुनावका बेला तपाईंले उम्मेदवार बनेर होइन, सेवक बनेर यहाँका जनताको सेवा गर्नेछु भन्ने घोषणा गर्नुभयो । निर्वाचन जितेपछि तपाईं पनि सर्लाही फर्केर आउनु हुन्न कि ?**
मेरो उम्मेदवारी मधेशका कुरा सुन्न र समस्या समाधान गर्न सर्लाही–४ बाट भएको हो । म अरु जस्तो यहाँको भाषामा एक दिनका लागि कुरा गरेर मधेशसँग माया बस्यो भन्दिनँ । समग्र देश जोड्न मधेश झरेको छु । म मधेश आएको छु, किनकी म देश जोड्न चाहन्छु । म काठमाडौँका कथा मधेशलाई लगेर सुनाउन चाहन्छु । अनि मधेशका कथा, पीडा, व्यथा पनि काठमाडौँ लगेर बताउन चाहन्छु । म सबैको सम्मान रहँदामात्रै हामी सबै नेपालीको सम्मान रहन्छ भन्नेमा विश्वास राख्दछु । उत्तेजनाको राजनीतिमा विश्वास राख्दिनँ । यहाँका जनताको पीडा र समस्याबारे आवाज उठाउन सर्लाही क्षेत्र नम्बर ४ बाट उम्मेदवार बनेको छु ।

**जेन्जी आन्दोलनपश्चात पुराना दललाई 'नो भोट' ट्रेन्ड चलेको छ नि ?**
जेन्जी आन्दोलनको मर्म युवापुस्ताको परिवर्तनको आकंक्षा र मुद्दालाई समयसापेक्ष कार्यान्वयन गर्ने दृढता व्यक्त गर्दैछु । हामी पनि अब नयाँ नै हौँ । विगतमा भएको गल्ती र त्रुटी सच्याउँदै अबको मुख्य मुद्दा देशमा रोजगारी सिर्जना गर्नु हो । नेपालमै बसेर दुई–तीन लाख रुपैयाँ आम्दानी गर्नसक्ने वातावरण बनाउन नीतिगत र योजनाबद्धरुपमा काम अघि बढाउने अभियान थालनी नेपाली कांग्रेसले गर्नेछ । भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनले समग्र प्रणालीमै परिवर्तनको मुद्दा उठाएको छ । अबको समय नेपाली कांग्रेसले युवाको निराशालाई सम्बोधन गरेर अघि बढ्ने छ । जेन्जी आन्दोलनको मर्मलाई बुझेर युवाको परिवर्तनको चाहना आन्दोलनमार्फत व्यक्त भएको भावनाअनुरुप पार्टीको नीति र नेतृत्व परिवर्तन गरेर नागरिकका चाहनाबमोजिम काम गरेर देखाउने प्रतिबद्धता जनाउँदछु ।

**मधेशमा आएर तपाईंले जोखिम लिएको त होइन ?**
काठमाडौँ क्षेत्र नम्बर ४ मा तीनपटक जिते पनि सजिलो ठाउँ छाडेर चुनौती रोजेको छु । किनभने कांग्रेसको भविष्य मधेशसँग जोडिएको छ । मधेश प्रदेशको समुन्नतिलाई प्राथमिकतामा राखेर काम गर्ने छु । विशेष महाधिवेशनमार्फत हालैमात्र सभापति चयन भएकाले पार्टी नेतृत्वबाट पछि हट्ने छैन । नेतृत्वको जिम्मेवारीलाई निरन्तरता दिँदै महाधिवेशनमार्फत पुनः सभापति बन्ने मेरो लक्ष्य छ । मेरो राजनीतिक यात्रा स्पष्ट छ । आफ्नो जिम्मेवारीबाट पन्छिने छैन । मैले सजिलो बाटो छाडेर कठिन बाटो रोजेको हुँ, पाँच वर्षका लागि पार्टीबाट हटाइएपछि विशेष महाधिवेशनमा साथीहरूको साथ नपाएको भए म आज कांग्रेसको निष्कासित सदस्यकै रूपमा यहाँ उभिनु पर्ने थियो । म कर्ममा विश्वास गर्ने व्यक्ति हुँ । सहज अवस्थामा बस्ने विकल्प भए पनि त्यसलाई अस्वीकार गरी आफ्नो लडाइँ लड्ने बाटो रोजेका छु । सजिलो ठाउँमा बसेर राजनीति गर्ने मेरो रोजाइ छैन । कांग्रेस पार्टी निर्माणमा मधेशको निर्णायक भूमिका छ । त्यसैले आँट र जोखिम लिएर मधेशबाट उम्मेदवार बनेको छु ।

किनभने राष्ट्रिय नेता बन्न राष्ट्रिय पार्टीको नेतृत्व मात्र पर्याप्त हुँदैन, सम्पूर्ण देशको प्रतिनिधित्व गर्ने भावना पनि आवश्यक हुन्छ । त्यसैले सर्लाही–४ बाट उम्मेदवार बनेको छु । यहाँका मतदातालाई पछुतो हुने अवस्था आउन दिने छैन । आगामी पाँच वर्षमा मधेशका मुद्दा संसदमा उठ्ने गरी काम गर्नेछु । पार्टीका जिम्मेवारीका कारण सधैँ सर्लाहीमा बस्न नसक्ने भए पनि गगन थापाले आफनो छुट्टै सचिवालय सर्लाहीको क्षेत्र नम्बर ४ मा राख्ने छ । त्यस्तै, सर्लाही देख्ने गरी मेरो अर्को छुटै कार्यालय काठमाडौँमा हुनेछ ।

जोखिम मोलेको होइन । सर्लाहीका समस्या समाधान गर्न तथा यहाँका चुनौतीलाई लिएर अगाडि बढ्ने छु । मलाई पूरा विश्वास छ, यहाँका जनताले मलाई भरपुर माया र स्नेह दिनेछन् ।

# भुक्तानी र योजना बाँडफाँट विवादमा गौशालामा तालाबन्दी

**मधेशदृष्टि**
**महोत्तरी ।**
गौशाला नगरपालिकामा वडाध्यक्षको नेतृत्वमा तालाबन्दी गरिएको छ । गौशाला वडा नम्बर १ का वडाध्यक्ष नवीन साहको नेतृत्वमा मंगलबार नगरपालिका पुगेका स्थानीयले नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा ताला लगाएका हुन् ।
गत आर्थिक वर्षमा सम्पन्न वडास्तरीय योजनाको भुक्तानी रोक्का गरिएको र चालु आर्थिक वर्षका योजनाहरू बाँडफाँट गर्दा असमान व्यवहार गरिएको आरोप लगाउँदै उनीहरूले तालाबन्दी गरेका हुन् । तालाबन्दीपछि मंगलबार नगरपालिका पुगेका सेवाग्राहीको कामकाज ठप्प भएको छ भने कार्यालयको नियमित प्रशासनिक गतिविधि पनि प्रभावित बनेको छ ।
वडाध्यक्ष साहले गत आर्थिक वर्षमा सम्पन्न योजनाको भुक्तानी नगरप्रमुखले अहिलेसम्म रोकिराखेको दाबी गरे । यस वर्षको योजना बाँडफाँटमा पनि विभेद गरिएको भन्दै उनले आक्रोश व्यक्त गरे । 'अन्य वडामा छुट्टाछुट्टै योजना राखेर बजेट विनियोजन गरिएको छ, तर हाम्रो वडामा कामै गर्न नपाओस् भन्ने नियतले एकमुष्ट बजेट राखिएको छ,' उनले भने, 'केही विषयमा अनियमितताविरुद्ध आवाज उठाएकै कारण सिंगो



वडालाई सौतेनी व्यवहार गरिएको हो ।'
आफ्नो वडाप्रति गरिएको व्यवहार नसच्याएसम्म ताला नखोलिने चेतावनी पनि वडाध्यक्ष साहले दिए ।
यता, गौशाला नगरपालिकाका नगरप्रमुख डा. दीपेन्द्र महतोले भने स्थानीयस्तरबाट व्यापक जनगुनासो आएपछि केही योजनाको भुक्तानी प्रक्रिया रोकिएको प्रतिक्रिया दिए । उनका अनुसार वडा नम्बर १ मा सञ्चालित डिप बोरिङ योजनामा किसानहरूसँग रकम उठाइएको भन्ने गुनासो आएपछि भुक्तानीमा कडाइ गरिएको हो । 'डिप बोरिङ योजनामा आर्थिक अनियमितता भएको आरोपमा अख्तियारमा मुद्दा समेत दर्ता भएको छ,' उनले भने, 'त्यसैले भुक्तानीमा ढिलाइ भएको हो ।'
योजना बाँडफाँट नगरसभासँग सम्बन्धित विषय भएकाले त्यसबारे निर्णय नगरसभाले नै गर्ने नगरप्रमुख महतोको भनाइ छ । उनले बुधबारदेखि पालिकाको नियमित कामकाज अघि बढाइने पनि बताए ।

# पूर्व प्रदेशसभा सदस्य सिन्हाको निधन

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट क्षेत्र नं–२ (क) का पूर्व प्रदेशसभा सदस्य नागेन्द्र प्रसाद सिन्हाको निधन भएको छ । ईशनाथ नगरपालिका वडा नम्बर २ निवासी सिन्हाको निधनसँगै समग्र रौतहट क्षेत्र शोकमा डुबेको छ ।
स्वर्गीय सिन्हा जीवनको अन्तिम क्षणसम्म गाउँ, समाज तथा क्षेत्रको सेवामा अनवरत रूपमा समर्पित थिए ।



सरल, मिलनसार र जनमुखी स्वभावका कारण उनी स्थानीय जनतामाझ अत्यन्त लोकप्रिय थिए ।
सामाजिक विकास, जनसरोकारका विषय र क्षेत्रीय उत्थानका लागि उनले पु-याएको योगदानलाई स्थानीयवासीले स्मरण गरिरहेका छन् ।
उनको निधनप्रति विभिन्न राजनीतिक दल, सामाजिक संघसंस्था तथा सर्वसाधारणले गहिरो दुःख व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गरेका छन् ।

# अस्पतालबाट किशोरीको शव हराएपछि प्रदर्शन, छानबिन समिति गठन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सिरहाको गोलबजार नगरपालिका–३ जमदहकी १६ वर्षीया निशा बानियाँको शव अस्पतालबाट हराएपछि आक्रोशित आफन्त र स्थानीयले मंगलबार गोलबजारमा प्रदर्शन गरेका छन् । यसअघि पनि पीडित परिवारले सोमबार साँझ सडक अवरुद्ध गर्दै विरोध जनाएका थिए ।
पोस्टमार्टमका लागि लहानस्थित रामकुमार उपमाप्रसाद प्रादेशिक अस्पतालमा राखिएको शव बेपत्ता भएपछि स्थानीय आक्रोशित बनेका हुन् । उनीहरूले अस्पताल प्रमुखसहित सम्बन्धित निकायको गम्भीर लापरबाही भएको आरोप लगाउँदै दोषीमाथि तत्काल कारबाहीको माग गरेका छन् ।
माघ १० गते आफ्नै घरमा मृत फेला परेकी किशोरीलाई इलाका प्रहरी कार्यालय गोलबजारले प्राकृतिक मृत्युको मुचुल्का उठाएर पोस्टमार्टमका लागि लहान अस्पताल पठाएको थियो । मृतकका बुबा–आमा रोजगारीका सिलसिलामा भारतमा रहेकाले सोमबार नेपाल आएर अस्पतालमा शव बुझ्न जाँदा शव नै फेला नपरेको परिवारको भनाइ छ ।
स्थानीय शिक्षक समर भण्डारीले



पोस्टमार्टमसमेत नगरिएको शव हराउनु अस्पताल प्रशासन र प्रहरी प्रशासन दुवैको गम्भीर लापरबाही भएको बताए । उनले यस्तो घटनामा संलग्न सबै जिम्मेवार व्यक्तिमाथि कडा कारबाही हुनुपर्ने माग गरे ।
सोमबार गोलबजार नगरपालिका–३ का वडाध्यक्ष धनप्रसाद लामाले मंगलबार बिहान १० बजेसम्म शव उपलब्ध नगराए पुनः कडा आन्दोलनमा उत्रिने चेतावनी दिएका थिए । तर समयमै शव फेला नपरेपछि स्थानीयले पुनः प्रदर्शन थालेका हुन् ।

### छानबिन समिति गठन, कर्मचारी हटाइए

प्रादेशिक अस्पताल लहानको शवगृहमा पोस्टमार्टमका लागि राखिएको १६ वर्षीया किशोरीको शव साटिएको घटनाको छानबिन गर्न पाँच सदस्यीय समिति गठन गरिएको छ । इलाका प्रशासन कार्यालय लहानका प्रमुखको संयोजकत्वमा समिति गठन गरिएको हो ।
घटनाको निष्पक्ष र प्रभावकारी छानबिनका लागि अस्पतालका मेडिकल सुपरिटेन्डेन्टलाई केही समय जिम्मेवारी नसम्हाल्न निर्देशन दिँदै बिदामा बस्न भनिएको छ । साथै शवगृहको जिम्मेवारीमा रहेका कर्मचारीलाई पनि तत्काल जिम्मेवारीबाट हटाइएको प्रशासनले जनाएको छ ।
सोमबार बिहान निशाका आमा–बुबा भारतको मुम्बइबाट नेपाल फर्किएपछि दिउँसो करिब १ बजे पोस्टमार्टमको तयारी गर्दा शवगृहमा रहेको शव निशाको नभई राधिका साहको भएको खुलेपछि घटना सार्वजनिक भएको हो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन